# Chapter - Four
# अध्याय - चार

## House Churches
## घरेलु मण्डलीहरू

सबैभन्दा पहिले जब मानिसहरूले घरेलु मण्डलीहरूको बारेमा सुन्दछन् , तिनीहरूले प्राय: गरेर गलत तरिकाले कल्पना गरेका हुन्छन् , कि तिनीहरूको कल्पना घरेलु मण्डलीहरू र साङ्गठनिक मण्डलीको भिन्नता चाँहि तिनीहरूको मण्डली कति ठूलो वा सानो छ र "सेवकाई" उपलब्ध गराउन तिनीहरूको सम्बन्धको खुबी कस्तो प्रकारको छ भन्ने नै हो । कहिले काँही मानिसहरू भवन भएका मण्डलीहरूले उपलब्ध गराउने प्रकारको सेवकाइको गुणलाई घरेलु मण्डलीले प्रदान गर्न सक्दैन भन्ने निष्कर्षमा पुग्छन् , तर यदि कसैले सेवकाइलाई चेला बनाउनु , तिनीहरूलाई खीष्ट जस्तो बन्न सहायता पुऱ्याउनु , र सेवाको कामको लागि तिनीहरूलाई सु-सज्जित पार्नु भनेर परिभाषित गर्दछ भने, मैले अगाडिको अध्यायमा उल्लेख गरेअनुसार साङ्गठनिक तथा भवन भएका मण्डलीहरूले त्यस प्रकारको मौका पाउँदैनन् र तिनीहरू त्यो मौकारहित हुन्छन् । निश्चय नै भवन भएका बैधानिक मण्डलीहरूले जस्तो घरेलु मण्डलीहरूले धेरै प्रकारका कृयाकलापहरूको परिणाम उपलब्ध गराउन सक्दैनन्, तर तिनीहरू साँचो सेवकाई उपलब्ध गराउने कुरामा भने उत्कृष्ट नै हुन्छन् ।

केही मानिसहरूले घरेलु मण्डलीलाई साँचो मण्डलीको रूपमा स्वीकार गर्दैनन् , किनभने, तिनीहरूसँग आफ्नै मण्डलीको भवन हुँदैन । ती मानिसहरू मण्डलीको प्रथम तीन सय बर्षभरि नै त्यसरी नै सेवकाई गर्दै आएका थिए, यदि त्यसो हुँदो हो त, तिनीहरूले पनि प्रत्येक मण्डलीलाई साँचो मण्डलीको रूपमा स्वीकार्दैनथे । वास्तवमा प्रभु येशूले भन्नुभयो, "किनकि जहाँ दुई वा तीनजना मेरो नाउँमा भेला हुन्छन् भने, त्यहाँ म तिनीहरूको बीचमा हुनेछु" (मत्ती १८:२०) । विश्वासीहरू कहाँ भेला हुनुपर्छ भनेर प्रभु येशूले केही पनि भन्नु भएन । अनि दुईजना विश्वासीहरू मात्रै भए पनि उहाँको नाउँमा भेला हुन्छन् भने त्यहाँ उहाँको उपस्थिति हुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभयो । प्राय: जसो धेरै मण्डली भवनहरूमा आइतबार बिहान भेला हुनेभन्दा खीष्टका चेलाहरूले प्राय: रेस्टुरेन्टमा भेटेर खानेकुराहरू बाङ्चुङ् गर्ने र सत्यताको आदान-प्रदान गर्ने, शिक्षा दिने र एक-अर्कालाई हौसला र उत्साह प्रदान गने ' कार्य वास्तवमै नयाँ करारको मण्डलीमा भेटघाट गर्ने खालको उत्तम नमूना हो ।

अघिल्लो अध्यायमा मैले भवन भएका साङ्गठनिक मण्डलीहरूले घरेलु मण्डलीहरूबाट लिने केही फाइदाहरूको बारेमा स्पष्ट पारिदिएको छु । म यस अध्यायलाई घरेलु मण्डलीको नमूनाअनुसार चेला बनाउने लक्ष्य पूरा गर्नमा किन प्रभावकारी र एकदम बाइबलिय छ भन्ने कुरा स्पष्ट पार्दै र अरु थप कारणहरू दिँदै सुरु गर्न चाहन्छु ।

पहिले, मेरो उद्देश्य भनेको मण्डली भवन भएका साङ्गठनिक मण्डलीहरू वा ती मण्डलीहरूका पास्टरहरूलाई आक्रमण गर्नुचाँहि होइन भनेर सुरुमै स्पष्ट गर्न चाहन्छु । बैधानिक तथा भवन भएका मण्डलीहरू र इमान्दार र परमेश्वरलाई प्रेम गर्ने पास्टरहरू थुप्रै छन् , जसले प्रभुलाई खुशी पार्न तिनीहरूको मण्डलीभित्र हरेक कुराहरू गर्दछन् । म हरेक बर्ष साङ्गठनिक रूपमा मण्डली भवन भएका हजारौं पास्टरहरूको बीचमा सेवा गर्दछु र म

तिनीहरूलाई प्रेम गर्दछु , अनि तिनीहरूको अति सराहना गर्दछु । तिनीहरू संसारमा एकदम उत्तम मानिसहरूमध्येका हुन् । तिनीहरूका कामहरू धेरै कठीन छन् भनेर मैले जानेको कारण तिनीहरूलाई दुर्घटना सहनु र त्यसै समयमा अझ बढी प्रभावकारी भई खुशी हुन सहायता पुगोस् भनेर एउटा विकल्प प्रश्तुत गर्न चाहन्छु । घरेलु मण्डलीको नमूना बाइबलिय अनि चेला बनाउने र परमेश्वरको राज्य बिस्तार गर्ने कामको लागि एकदम प्रभावकारी साथै अति नै लाभदायक छ । यदि मण्डली भवन भएका बैधानिक मण्डलीका बहुसंख्यक पास्टरहरूले घरेलु मण्डलीको तरिकामा सेवकाई गर्नु हो भने, तिनीहरू अझ खुशी, प्रभावकारी र कार्य पूरा गर्ने प्रकारका हुने थिए भन्ने कुरामा मलाई अलिकति शंकै छ ।

म बीस बर्षभन्दा बढी एउटा साङ्गठनिक मण्डलीको पास्टर थिएँ र मैले जानेको सबैभन्दा राम्रो काम पनि गरेको थिएँ, धेरै मण्डलीहरूमा आइतबार बिहान धेरै महिनासम्म भ्रमण गरी बिताएपछि मात्र मैले पाष्तरिय काम गरेको थिएँ जसले गर्दा एउटा सामान्य रूपमा साधारण व्यक्तिको रूपमा मण्डलीमा उपस्थित हुनु भनेको कस्तो कुरा हो भनेर मैले पहिलो जानकारी प्राप्त गरिसकेको थिएँ । यी नै मेरो आँखा खोलिदिने कुरा भयो, र मैले मानिसहरू मण्डलीमा उपस्थित हुने कुरामा किन त्यति धेरै उत्साहित हुँदैनन् भनेर बुझ्न थालेँ । प्रायः जसो हरेकले पास्टरलाई ग्रहण गरे जस्तै, सेवा सकिन्जेलसम्म नम्र भएर म त्यही नै बस्छु । उपस्थित हुनेहरू मध्येकै दिक्क लाग्दो वक्ताको भाषण सुन्नलाई बीचमै छोडेर हिँड्न त म पनि सक्थेँ, तर त्यस अनुभवले मलाई त्योभन्दा पनि राम्रो बिकल्पको कुरा सोँच्न बाध्य तुल्यायो र मैले घरेलु मण्डलीको नमूनाको अनुसन्धान गर्न थालेँ । संसारभरि नै घरेलु मण्डलीको नमूनाको अनुसन्धान गर्न थालेँ । संसारभरि नै घरेलु मण्डलीहरू लाखौको संख्यामा अस्तित्वमा आएको कुरा पत्ता लगाउँदा मलाई अचम्भै लाग्यो र साङ्गठनिक मण्डलीहरूले घरेलु मण्डलीहरूबाट निश्चित रूपमा फाइदा लिन्छन् भन्ने कुराको निष्कर्षमा म आइपुगें ।

यो पुस्तक पढ्ने धेरै जसो पास्टरहरूले घरेलु मण्डलीहरूको निरीक्षण गरिरहेका छैनन् तर साङ्गठनिक मण्डलीहरूले भने गरिरहेकाछन् । मैले लेखेको कुरा सुरुसुरुमा तिनीहरूलाई मन पर्दैन र तिनीहरूले त्यस कुरालाई ग्रहण गर्न पनि गाह्रो पर्दछ । तर म तिनीहरूले मैले भनेका कुराहरूलाई एकचोटि अवलोकन गर्नको लागि केही समय उपलब्ध गराउन् भन्ने चाहन्छु र तिनीहरूले मैले भनेका कुराहरूलाई रातभरिमै ग्रहण गरून् भन्ने कुरालाई अङ्गाल्दिन । यो मैले लेखेको कुरा तिनीहरूको मण्डली र तिनीहरूलाई गरेको प्रेमको उपज हो र यो तिनै पास्टरहरूको लागि मैले लेखेको हुँ ।

## The only kind of Church in the Bible
## बाइबलमा भएको एउटै प्रकारको मण्डली

पहिले, सर्वप्रथम, नयाँ करारमा साङ्गठनिक मण्डलीहरूको आफ्नै बिशेष मण्डली भवन थियो कि थिएन भनेर थाहा छैन, जहाँसम्म घरेलु संगतिहरू नै सुरुको मण्डलीको स्पष्ट मापदण्ड थिए :

“यो कुरा तिनलाई थाहा भएपछि, तिनी मर्कूस भनिने यूहन्नाकी आमा मरियमको घरमा गए, जहाँ धेरैजना विश्वासीहरू जम्मा भएर प्रार्थना गरिरहेका थिए” (प्रेरित १२:१२,) ।

.....तपाईंहरूको लाभ हुने कुरा तपाईंहरूको सामुन्ने घोषणा गर्नदेखि र घर–घरमा (स्पष्ट रूपमा, मण्डली भवनहरूमा भने होइन) सबैका सामुन्ने तपाईंहरूलाई शिक्षा दिँदादेखि म पछि हटिन...(प्रेरित २०:२०) ।

प्रिस्कीला र अक्किल्लालाई मेरो अभिवादन .....र घर–घरमा भेट्ने मण्डलीलाई पनि मेरो अभिवादन सुनाई देओ (रोमी १६:३-५), रोममा भएका अरु सम्भाव्य दुईवटा मण्डलीको बारेमा उल्लेख गरिएको कुरालाई पनि हेर्नुहोस् ।

एशियामा भएका मण्डलीहरूले तिनीहरूलाई अभिवादन पठाएका छन् । अक्किल्ला र प्रिस्किलाले र तिनीहरूको घरमा भएको मण्डलीले प्रभुमा तिमीहरूलाई हार्दिक अभिवादन पठाएका छन् (१ कोरिन्थी १६:१९) ।

लाउडिकियामा भाइहरू र न्यम्फास र तिनका घरमा भएका मण्डलीलाई मेरो अभिवादन देओ (कलस्सी ४:१५) ।

हाम्री बहिनी अप्फिया र हाम्रा संगी सिपाही अखिप्पस् , र तिम्रो घरमा भएको मण्डलीलाई....(फिलेमोन १:२) ।

सुरुको मण्डली बालकै अवस्थाको भएको कारण सुरुको मण्डलीले मण्डली भवन बनाएको थिएन भन्ने मात्रै विवाद चलेको छ । तर त्यो मण्डलीको बाल्यकाल नयाँ करारको इतिहासमा उल्लेख गरेअनुसार त केही दशक मात्रै थियो (र यो सुरु भएको दुई शताब्दीभन्दा अलिक बढी थियो) । त्यसैले यदि मण्डलीको भवनहरूको निर्माण मण्डलीको परिपक्वताको चिन्ह हो भनेदेखि, हामीले पढेको प्रेरितको पुस्तकमा भएका प्रेरितहरूको मण्डली त कहिले पनि परिपक्व भएन ।

कुनै पनि प्रेरितले मण्डली भवन निर्माण गरेनन् भन्ने कुराको कारण म दिन्छु , त्यो चाँहि किन, यस्तो प्रकारको कुरा परमेश्वरको इच्छादेखि बाहिरको हो भनेर विचार गरिन्छ, किनकि प्रभु येशूले पनि त्यो खालको उदाहरण दिनु भएन वा आज्ञा पनि त्यस प्रकारले गर्नु भएन । उहाँले बिशेष मण्डली भवनहरूबिना नै चेलाहरू बनाउनुभयो र उहाँले आफ्ना चेलाहरूलाई अरु चेलाहरू बनाउनु भन्नुभयो । तिनीहरूले बिशेष मण्डली भवनहरू खोज्न कुनै आवश्यक थिएन । यो एकदम सजिलो छ । जब प्रभु येशूले उहाँका चेलाहरूलाई सारा संसारमा गएर चेला बनाओ भनेर भन्नुभयो, तब उहाँका चेलाहरूले यस प्रकारले सोचेनन्, “प्रभु येशूले हामीलाई जे गर्नु भनिरहनुभएको छ, त्यो चाँहि उहाँले भवनहरू बनाएर मानिसहरूलाई हप्ताको एकपल्ट प्रवचन दिनलाई हो ।”

यसको अतिरिक्त, बिशेष प्रकारको मण्डली भवनहरू निर्माण गर्नु पृथ्वीमा सम्पत्ति नथुपारेर, अनावश्यक ठाउँमा पैसा खेर फालेर र जीवन परिवर्तन गराउने सेवकाइको निम्ति प्रयोग हुने परमेश्वरको राज्यका स्रोतहरूलाई लुटेर प्रत्यक्ष रूपमा ख्रीष्टको आज्ञालाई उलंघन गर्नु हो भनेर पनि बिचार गरिन्छ ।

## Biblical Stewardship
## बाइबलिय भण्डारेपन

यसले दोस्रो फाइदातर्फ डोऱ्याउँदछ, कि घरेलु मण्डलीहरूका साङ्गठनिक मण्डलीहरू थुप्रै छन् : घरेलु मण्डलीहरूको नमूनाले यसको आफ्नै सदस्यहरूको स्रोतहरूको भक्तिपूर्ण भण्डारेपनको बिकास गर्दछ, जुन चाँहि निश्चित रूपमा चेलापनको लागि एकदम

महत्वपूर्ण बिचार हो ।[१४] मण्डली भवनको लागि त्यसलाई आफ्नो निजी बनाएर, भाडामा दिएर, पुनः बनाएर, बढाएर, पुनः आकार दिएर, तताएर वा चिस्याएर कुनै पनि पैसा खेर फाल्नु हुँदैन । परिणामस्वरूप, प्रेरितको पुस्तकमा गरिएको जस्तै गरीबहरूलाई खुवाउने र लत्ताकपडा दिने, सु-समाचार फैलाउने तथा चेलाहरू बनाउने कार्यको लागि प्रयोग गर्न सकिने कुरा भवनहरूमा खर्च भइरहेको हुन्छ । मण्डली भवनमा खर्च गरिने अरबौं डलर सु-समाचार फैलाउने र गरीबहरूको सेवा गर्ने काममा खर्च भईरहेको भए परमेश्वरको राज्यको लागि कति राम्रो हुने थियो भनेर बिचार गर्नुहोस् त ! यो कुरा अकल्पनिय छ ।

जे होस्, बीसजना मानिसहरूभन्दा बढी नभएका घरेलु मण्डलीहरू वास्तवमा “पाल-बनाउने” (यसको मतलब “तलब दिनु नपर्ने”) एल्डरहरू/पास्टरहरू/निरीक्षकहरू साँचो सम्भाव्यताद्वारा निरीक्षण गरिएका हुन्छन् । त्यहाँ घरेलु मण्डलीहरूमा धेरै परिपक्व विश्वासीहरू हुन्छन् । यस्तो प्रकारका मण्डलीहरूमा मण्डली परिचालन गर्नको लागि साँच्चै भन्नुपर्दा पैसाहरू त्यति खर्च हुँदैन ।

वास्तवमा, एल्डरहरू/पास्टरहरू/निरीक्षकहरूलाई तिनीहरूको परिभाषाको ज्याला दिनु पर्दछ भनेर बाइबलले संकेत गरेझैं लाग्छ, त्यसैले सेवकाइको लागि पूर्ण समय दिएर समर्पित भई काम गर्नेहरू त्यसै कामबाट जिउनु पर्दछ (हेर्नुहोस् - १ तिमोथी ५:१७-१८) । मण्डलीमा भएका दशजना ज्यालादारी मानिसहरूले तिनीहरूको दशौं अंशबाट एकजना पास्टरलाई तिनीहरूको जीवन धान्न कति लाग्छ त्यसको अनुपातमा सहयोग गर्न सक्दछन् । घरेलु मण्डलीमा भएका पाँचजना दशांश तिर्ने मानिसहरूले पास्टरको सेवकाइमा लाग्ने आधा जति खर्चहरू बेहोरी दिन सक्छन् ।

घरेलु मण्डलीको नमूनालाई पछ्याउँदा भवन निर्माण गर्न लाग्ने पैसा पास्टरहरूलाई सहयोग गर्नको लागि प्रयोग गर्नु पर्ने हुन्छ र त्यस्तो तरिका साङ्गठनिक मण्डलीको पास्टरहरूले खोज्दैनन् , किनकि प्रचुर मात्रामा घरेलु मण्डलीहरूले तिनीहरूको जागिरको सुरक्षामा आँच पुऱ्याइरहेका हुन्छन् । बरू, यसको मतलब यस्तो हुनसक्छ, कि धेरै पुरूषहरू र स्त्रीहरूलाई पर मेश्वरले व्यवसायिक सेवकाइमा सेवा गर्नको लागि तिनीहरूको हृदयमा इच्छा हाली दिनुभएको छ भनेर तिनीहरूले महसुस गरेका हुनसक्छन् ।[१५] त्यसको लागि, चेलाहरू बनाउने लक्ष्य पूरा गर्ने कार्यमा सहायता गरिनु पर्दछ । तथापि घरेलु मण्डलीका बीसजना जागिरेहरूले तिनीहरूको आफ्नो कमाइको दशांशबाट सु–समाचार अभियान र गरीबहरूको लागि आवश्यकताअनुसार आधा दिनसक्छन् ।[१६]

---

[१४] WWW. Shepherdsever. org.को home page मा भएको Biblical Topics मा “esus on money” हेर्नुहोस् ।

[१५] अतिवादी लागे तापनि, एकमात्र कारण साना घरेलु मण्डलीहरू रेखदेख गर्ने अगुवाहरू नभएको कारण मण्डली भवनको आवश्यकता पर्दछ, जुनचाँहि बैधानिक मण्डलीहरूभित्र भएका अति सम्भावित अगुवाहरूको खस्कँदो चेलापनको परिणाम हो । के ठूला बैधानिक मण्डलीहरूका पास्टरहरू वास्तवमा आफूलाई परमेश्वरले बोलाउनुभएको पास्टर भनेर तिनीहरूलाई दिइएको ठीक सेवकाइका समुदायमा दोषी छन् ? हो, छन् ।

[१६] यो एकदेखि दश वा बीसको अनुपातमा १२ जना चेला बनाउने प्रभु येशूको बाइबलिय नमूनाको प्रकाशमा पास्टरिय सेवकाईलाई विचार गरिनु हुँदैन र मोशाले पनि दश–दशजना मानिसहरूलाई अगुवाई गने न्यायकर्ताहरू नियुक्ति गरेका थिए (हेर्नुहोस्-प्रस्थान १८:२५) । धेरै बैधानिक मण्डलीका पास्टरहरूले तिनीहरूले आफै प्रभावकारी ढङ्गमा चेला बनाएका मानिसहरूलाई भन्दा बढी मानिसहरूलाई हेर विचार गरिर हेका हुन्छन् ।

यदि एउटा साङ्गठनिक मण्डली घरेलु मण्डलीहरूको सञ्जाल (Net work) तर्फ फड्को मार्दछ भने, ती मानिसहरू जसले आफ्नो जागिर गुमाउन सक्छन् तिनीहरू मण्डलीको प्रशासनिक क्षेत्र र कार्यक्रमलाई सहायता पुऱ्याउने कर्मचारीहरू हुनेछन् र सायद केही कर्मचारी सदस्यहरू बिशेष सेवकाइहरूका साथ (उदाहरणका लागि, ठूला मण्डलीहरूमा बाल-संगति तथा जवान संगतिका सेवकाइहरू) काम गर्ने छन् , जुन सेवकाइमा गरिने बाइबलिय आधार पनि हो । घरेलु मण्डलीहरूले बाल-बालिकाहरू र जवानहरूको बीचमा सेवकाई गरिरहनु पर्दैन, किनकि बाइबलमा बाबु-आमाहरूलाई त्यस कामको जिम्मेवारी दिइएको छ र घरेलु मण्डलीका मानिसहरूले साधारणतया परम्परागत खीष्टियन बाबु-आमाहरू नभएका खीष्टियन जवानहरूले साङ्गठनिक मण्डलीहरूमा जस्तै घरेलु मण्डलीहरूमै समावेश भएर चेला बन्ने काम गर्नु पर्दछ । नयाँ करारमा उल्लेख भएको "जवान पास्टरहरू" वा बाल-बालिकारूको पास्टरहरू किन छैनन् भनेर कोही अचम्भमा परेको छ ? यस्तो प्रकारको सेवकाइहरू खीष्टियन मतको प्रथम १९०० बर्षसम्म अस्तित्वमा आएका थिएनन् । अचानक अहिले आएर तिनीहरू, प्राथमिक रूपमा पश्चिमी धनी देशहरूमा किन आवश्यक भए ?[१७]

अन्तमा, बिशेष गरेर गरीब मुलुकहरूमा पास्टरहरूले धेरै जसो पश्चिमी मुलुकका खीष्टियनहरूबाट आर्थिक सहायता नपाईकन मण्डली भवन भाडामा लिन वा प्रयोग गर्न असमर्थ हुन्छन् । नचाहँदा नचाहँदै यस्तो प्रकारले अरुमाथि भर पर्नुको परिणामहरू धेरै छन् । जे भए तापनि, तथ्य कुराचाँहि ३०० वर्षसम्म यस्तो समस्या खीष्टियनहरूमा अस्तित्वमा आएको थिएन । यदि तपाईं बिकसित मुलुकको पास्टर हुनुहुन्छ, जहाँको मण्डली समूदायले आफ्नै भवन किन्न सकिरहेका छैनन् भने, तपाईंले केही अमेरिकन घुमन्तेहरूले असाधारण तवरले पैसाहरू दिन्छन् होला भन्ने आशामा तिनीहरूसँग खुशामद गर्न आवश्यक छैन । परमेश्वरले तपाईंहरूको समस्याको समाधान अगिबाटै गरी दिइसक्नु भएको छ । सफलतापूर्वक चेलाहरू बनाउनको लागि तपाईंलाई साँच्चै मण्डली भवनको आवश्यकता पर्दैन । बाइबलिय नमूनालाई पछ्याउनुहोस् ।

## The End of Fragmented Families
## टुक्रिएको परिवारहरूको अन्त

घरेलु मण्डलीहरूमा हुने अर्को फाइदा भनेको चाँहि यो हो : तिनीहरू साना बाल-बालिकाहरूलाई र किशोर किशोरीहरूलाई चेला बनाउने काममा उत्कृष्ट हुन्छन् । आजको साङ्गठनिक मण्डलीहरूले तयार गरेको एउटा ठूलो भ्रम (विशेष गरेर संयुक्त राज्य अमेरिकामा भएका ठूला मण्डलीहरूमा) चाँहि तिनीहरूले बाल-बालिकाहरू र जवानहरूलाई अचम्भ लाग्दो सेवकाइहरू उपलब्ध गराएका छन् भन्ने हो । तर पनि तिनीहरूले बाल-बालिकाहरूको ठूलो संख्यालाई लुकाई राखेका छन् जसले धेरै बर्षसम्म तिनीहरूका उत्साहित बाल-बालिकाहरू

[१७] हामीलाई यस्तो प्रश्न उठ्न सक्छ, किन धर्मशास्त्रमा "सिनियर पास्टरहरू", "सहायक पास्टरहरू" वा "सह-पास्टरहरू" भनेर उल्लेख नगरेको । फेरि पनि ती दर्जाहरू आधुनिक मण्डलीमा तिनीहरूको ढाँचाको कारणले अति नै आवश्यक भएको देखिन्छ । सुरुका मण्डलीहरूको ढाँचा अलिक सानो थियो र त्यसैले त्यसको ढाँचाअनुसार तिनीहरूको आवश्यकता परेन । २० जनाको घरेलु मण्डलीहरूलाई प्रमुख पास्टर, सहायक पास्टर र सह-पास्टरहरूको आवश्यकता पर्दैन ।

र जवानहरूको रमाइलो मात्रै गर्ने खालको सेवकाइमा जाँदा-जाँदै आफ्नो "गुडँ छोडेर" गएको चराको बचेरा जस्तो कहिले पनि मण्डलीमा फेरि पनि फर्किएर नआएको कुरालाई अनुभव गरेका छन् (जुनसुकै जवान पास्टरलाई डाटा (आँकडा) माँग्नुहोस्- उनले ती जानेको हुनुपर्छ) ।

यसको अतिरिक्त, जवान पास्टरहरू र बाल-बालिकाहरूको पास्टरहरू भएका मण्डलीहरूले निरन्तर रूपमा अभिभावकहरूलाई तिनीहरू आफ्ना नानीहरूको आत्मिक तालिमको लागि असक्षम वा अजिम्मेवारी छन् भनेर भ्रममा पारी दिएका छन् । अनि फेरि, "हामी तपाईंहरूका नानीहरूलाई तिनीहरूको आत्मिक तालिमको लागि वास्ता गर्छौं । हामी तालिम प्राप्त पेशेवरहरू हौं" भनेर तिनीहरूले भन्दछन् ।

यस प्रकारको शैली खडा हुँदै खेरिदेखि भ्रमको जन्म भएको छ । किनकि, यसले सदा बढ्दै जाने सम्झौताको चक्रलाई सृजना गरी दिन्छ । यो कुरा ती अभिभावकहरूबाटै सुरु हुन्छ, जसले आफ्ना नानीहरूलाई रमाइलो हुने मण्डलीहरूको खोजी गरिरहेका छन् । यदि प्रकाश नाम गरेको एउटा किशोरले घर फर्कदै गर्दा उसले मण्डलीमा रमाइलो गरेको कुरा भन्दछ भने उसका अभिभावकहरू एत्साहित हुन्छन् , किनभने प्रकाश आत्मिक कुराहरूमा चाख लिंदै मण्डलीमा आनन्दित छ भन्ने त्यस कुराहरूलाई तिनीहरूले लिँदछन् । तिनीहरूले त्यसो गर्दा एकदम गलत गरिरहेका हुन्छन् ।

सफलता गुमाएका प्रमुख पास्टरहरूले तिनीहरूको मण्डली बृद्धि भएको चाहन्छन् र त्यसैले गर्दा जवान र बाल-बालिकाहरूका पास्टरहरू प्रायः गरेर सहकर्मी सभालाई छाडेर जान्छन् , किनभने नानीहरूलाई रमाइलो लाग्ने "सुहाउदो" कार्यक्रमहरू सृजना गर्नु पर्दछ भन्ने महसुसले गर्दा तिनीहरूलाई तनाव भइरहेको हुन्छ । ("सुहाउदो" भन्ने कुराले सँधै "रमाइलोसँग प्राथमिकता राख्दछ, र "सुहाउदो" भन्ने कुराको अर्थ "नानीहरूलाई पश्चाताप, विश्वास र प्रभु येशूको आज्ञाहरू पालन गर्नु" अनिवार्य छ भन्ने अर्थमा हुँदैन) । यदि नानीहरूलाई कार्यक्रममा समावेश गराउन सकिन्छ भने अभिभावकहरू फर्कनेछन् (तिनीहरू पैसासहित), र मण्डली पनि बृद्धि हुनेछ ।

जवान झुण्डहरूको सफलता बिशेष गरेर उपस्थित संख्याको आधारमा थाहा गर्न सकिन्छ । जवान पास्टरहरू कुन कुरामा व्यस्त छन् त्यसैमा लागि परेको आफैलाई पाउँदछन् र त्यसको मतलब प्रायः जसो बिशुद्ध आत्मिक क्षेत्रमा तिनीहरूले आफूलाई सम्झौता गरिरहेका हुन्छन् । बिचरा जवान पास्टरहरू जसले अभिभावकहरू आएर प्रमुख पास्टरसँग दिक्क लाग्दो सन्देश वा दोष लगाउने खालको सन्देश बाँडेको नानीहरूले आफ्ना अभिभावकहरूलाई सुनाएको बारेमा भनेर गनगन गरेको खवर सुन्दछन् ।

तर यदि जवान पास्टरहरू घरेलु मण्डलीका अगुवा बनेको भए, ख्रीष्टको शरीरमा तिनीहरू कति आशिषित हुने थिए । सामान्यतया तिनीहरूसँग पहिले नै सम्बन्ध बढाउने क्षमताहरू छन् र जवान अवस्थाको जोसमा छन् र तिनीहरूमा शक्ति र बलको कमी थिएन । तिनीहरूमध्ये धेरै जसो जवान पास्टरहरू छन् किनभने त्यो नै तिनीहरूको लागि प्रमुख पास्टर हुनको लागि उच्च मानविय योग्यताले खोजेको योग्यताको पहिलो कदमको योग्यताको माग हो । धेरै जसो घरेलु मण्डलीमा पास्टरको सेवकाई गर्नको लागि अझ बढी मात्रामा क्षमतावान व्यक्तिहरू छन् । तिनीहरूका जवानहरूका झुण्डमा तिनीहरूले गरिरहेको कामले मण्डलीको मुख्य स्थानमा भइरहेको काममा भन्दा मण्डलीको बाइबलिय नमूनामा मण्डलीलाई अझ राम्र ोसित नजीक ल्याइदिएको छ । यस्तै प्रकारले बाल-बालिकाहरूका पास्टरहरूको बारेमा पनि भन्न सकिन्छ, जोहरू घरेलु मण्डलीहरूमा सेवा गर्नको लागि सक्षम हुने कुरामा धेरै जसो प्रमुख

पास्टरहरूभन्दा धेरै अगाडि हुनसक्छन् र सबै सहभागीहरू सँगसँगै बसेर रमाइलोसँग आनन्दित भइ केही खाना समेत खान सक्छन् ।

बाल-बालिकाहरू र किशोर-किशोरीहरू साँचो खीष्टियन समुदायको अनुभव लिएर र प्रश्नहरू सोध्ने अनि अरु उमेरका मानिसहरूसँग सम्बन्ध गाँस्ने सहभागी हुने मौका पाएर सबैजना खीष्टियन परिवारको भागको रूपमा रहेर तिनीहरू स्वभाविक रूपमा राम्रोसित चेला बनाइएका हुन्छन् । यदि कुनै साँचो समुदाय पहिलेको जस्तो कपटीपना र स्कूलमा आफ्ना साथीहरूसँग सम्बन्ध राख्न प्रायः होशियार हुनु हो भने, तिनीहरू साङ्गठनिक मण्डलीहरूमा निरन्तर रूपमा ठूलो प्रदर्शन गर्ने थिए र "रमाइलो" गर्न सिक्ने अनुभव चाँहि थोरै हुनेथियो ।

तर सबै उमेरकाहरूको जमघटमा साना दुधे रून्चे बाल-बालिकाहरू तथा बेचैनी नानीहरूको बारेमा चाँहि के त ?

तिनीहरू सँधै आनन्दित हुनु पर्छ र तिनीहरूलाई अगुवाई गर्नको लागि व्यवहारिक कदम चालिनु पर्छ, जब तिनीहरूले समस्याहरू निकाल्न थाल्छन् । उदाहरणको लागि, तिनीहरूलाई रमाइलो गराउन अर्को छुट्टै कोठामा लान सकिन्छ वा कार्बन र पेपर दिएर त्यसमा रङ्ग भर्नलाई दिन सकिन्छ । घरेलु मण्डलीको समुदायमा साना दुधे बालकहरू र बाल-बालिकाहरू समस्याहरू होइनन् , जोहरू नौला मानिसहरूद्वारा नर्सरी बालाधिकरण गर्नलाई छोडिन्छन् । तिनीहरू आफ्नो बृद्धरूपमा फैलिएको परिवारमा प्रत्येकजनाबाट माया पाउँदछन् । साङ्गठनिक मण्डलीमा दुधे बालक प्रायः गरेर सेवाको औपचारिकता नपुगेर र नौला मानिसहरू देखेको कारण अभिभावकले अंगालोमा नलिएको कारणले रून थाल्दछ । घरेलु मण्डली रूने बालकको वरपर उसको आफ्नै परिवारका मानिसहरू हुन्छन् र तिनीहरूको बीचमा परमेश्वरले दिनुभएको सानो उपहार छ भनेर संझी कसैले उ रूँदा झर्को मान्दैनन् र सबै मानिसहरूले त्यस बालकलाई आफ्नो हातमा लिन्छन् ।

नियन्त्रण नगरिएका बाल-बालिकाहरूका बाबु-आमाहरूलाई अरु नानीहरूको बाबु-आमाहरूले भद्रताको साथ सिकाउन सक्दछन् । फेरि पनि, विश्वासीहरूको बिशुद्ध वास्ता गर्ने खालको सम्बन्धहरू हुन्छन् । तिनीहरूले प्रायः जसो साङ्गठनिक मण्डलीहरूमा जस्तो एक–अर्काको बारेमा कुरा काट्ने काम गर्दैनन् । तिनीहरूले एक-अर्कालाई चिन्दछन् र एक-आपसमा प्रेम गर्दछन् ।

# Happy Pastors
# आनन्दित पास्टरहरू

दुई दशकसम्म मण्डलीको पाष्टरिय सेवकाई गरेर संसारभरिका दशौं हजार पास्टरहरूको बीचमा बोलेर, धेरै पास्टरहरूलाई आफ्नो व्यक्तिगत मित्रहरूको रूपमा पाएको हैसियतले मेरो बिचारमा, म भन्न सक्छु, कि आधुनिक मण्डलीहरूमा पाष्टरिय सेवकाइको लागि कस्तो प्रकारका मागहरू हुँदछन् भन्ने बारेमा केही कुराहरू मलाई थाहा छ । हरेक साङ्गठनिक मण्डलीको पास्टर जस्तै, मलाई पनि सेवकाइको "अन्धकार क्षेत्र" को अनुभव छ । यो कुनै समयमा धेरै अंध्यारो हुनसक्छ । वास्तवमा, यसलाई ब्याख्या गर्नको लागि "क्रूर" भन्ने शब्द चलाउँदा धेरै राम्रो होला ।

प्राकृतिक रूपमा धेरै जसो पास्टरहरूले जम्काभेट गरेको आशाका कुराहरूले अनगन्ती तनावहरू सृजना गरी दिन्छन् , जसले गर्दा तिनीहरूको आफ्नै परिवारभित्रको सम्बन्ध कहिले–

कँाही बिग्रिने समेत गर्छ । पास्टरहरू धेरै कारणले निराश हुन्छन् । तिनीहरू राजनितीज्ञहरू, न्यायकर्ताहरू, जागिरेहरू, मनोबैज्ञानिकहरू, कृयाकलापका निर्देशकहरू, भवन निर्माणकर्ताहरू, विवाहको लागि परामर्श दिने परामर्शदाताहरू, सार्वजनिक वक्ताहरू, व्यवस्थापकहरू, मनलाई पढ्नेहरू तथा प्रशासकहरू हुनुपर्ने । तिनीहरू अरु पास्टरहरूसँग खीष्टको शरीरका अंशहरू ठूला-ठूला बनाउने कार्यको लागि जल्दो-बल्दो भएर प्रतिस्पर्धा गरिरहेको आफूलाई पाउँदछन् । तिनीहरूको आफ्नो व्यक्तिगत आत्मिक अनुशासनको लागि समय पनि थोरै हुन्छ । तिनीहरू आफ्नो पेशामा फन्दामा परेको र तलबमा काम गर्ने एउटा सामान्य जागिरेको रूपमा आफूलाई पाएको महसुस गर्दछन् । तिनीहरूको मण्डलीका समुदायहरू तिनीहरूका ग्राहकहरू हुन् र तिनीहरू आफै चाँहि जागिरे हुन् । कहिले–कँाही यी जागिरेहरू र ग्राहकहरूले जीवनलाई धेरै कठीन बनाउँन सक्छन् ।

तुलना गर्दा, घरेलु मण्डलीका पास्टरहरूले त यस कुरालाई सजिलै लिन्छन् । पहिलो कुरा, यदि उसले साँचो चेलाको उदाहरणिय जीवनको अगुवाइ गर्छन् र प्रभु येशूको आज्ञालाई स ंझौता नगरिकनै आज्ञापालन गर्नु पर्छ भनेर सिकाउँछन् भने थोरै बाखा प्रकारका मानिसहरूले पनि उसको समूहका भागहरू हुनको लागि चाख लिनेछन् । वास्तवमा घर–घरमा भेट्ने कुराले मात्र पनि धेरै बाखा प्रकारका मानिसहरूलाई टाढा राख्न सम्भवतः पर्याप्त हुन्छ । त्यसरी पास्टर का भेडाँहरू प्राय उनीसँग हुनेछन् ।

दोस्रो, उसले आफ्ना भेडाँहरूलाई व्यक्तिगत तवरले प्रेम गर्दछन् र तिनीहरूलाई चेला बनाउँदछन् , किनभने उनीसँग बाह्रदेखि बीसजनासम्म मात्रै हेरचाह गर्नको लागि प्रौढवस्थाका मानिसहरू हुन्छन् । उनी परिवारका बाबु जस्तै भएर तिनीहरूसँग नजीक भई आनन्दित हुन सक्छन् । उसले तिनीहरूलाई चाँहिदो समय दिन्छन् । म साङ्गठनिक मण्डलीको पास्टर भएको बेलाको कुरा मलाई सम्झना छ, म प्रायः आफूलाई एक्लो महसुस गर्थे । म मेरो मण्डलीको समुदायका कोहीसँग पनि नजीक हुन सक्दिनथें, न ता मेरो नजीकको घेरामा भएका साथीहरूको झुण्डमा तिनीहरूलाई समावेश नगरेकोले अरुहरू मप्रति नाराज नै थिए वा तिनीहरूप्रति म ईर्ष्या गर्दथें, जोहरू त्यस समूहभित्रका थिए । म अरु विश्वासीहरूसँग बिशुद्ध रूपमा नजीक हुने तृष्णा गर्दथें, तर साँचो मित्रहरू प्राप्त गर्ने अति आवश्यक मुल्य चुकाउनु पर्ने खतरा चाँहि मोल्न चाहन्थें ।

घरेलु मण्डलीको एकदम नजीकको परिवारमा प्राकृतिक तवरले सदस्यहरूले पास्टरलाई तिनीहरूको मञ्चको कलाकारको रूपमा नभएर आफ्नो नजीकको मित्रको रूपमा पास्टरलाई लेखा राख्नलाई सहायता पुऱ्याउँदछन् ।

घरेलु मण्डलीहरूका पास्टरले भविष्यको अरु घरेलु मण्डलीहरूको लागि अगुवाहरू बिकास गर्ने काममा समय बिताउन सक्छन् , त्यसैले जब बृद्धि गर्ने समय आउँदछ, तब अगुवाहरू तयार हुँदछन् । उनले आफ्ना भविष्यका अगुवाहरूले अरु ठाउँहरूमा गएर तिनीहरूले मण्डलीबाट पाएको आफ्ना बरदानहरूलाई प्रयोग गरेको हेरिरहनु पर्दैन ।

उसले आफ्नो स्थानिय मण्डलीदेखि बाहिर गएर अरु सेवकाइहरूको बिकास गर्न समय पाउन सक्नेछन् । सायद, उसले झ्यालखानामा गएर सेवा गर्न सक्छन् वा शरणार्थीहरूलाई वा व्यवसायिक मानिसहरूलाई व्यक्तिगतरूपमा गएर सु-समाचार प्रचार गर्ने काम गर्न सक्लान् । उसको अनुभवको आधारमा उसले अरु पनि घरेलु मण्डलीहरू स्थापना गर्न सक्छन् वा उसको सेवकाइको अधीनमा भएका अरु नयाँ घरेलु मण्डलीका पास्टरहरूलाई परामर्श दिने काममा आफ्नो समय व्यतित गर्न सक्छन् ।

उनी आइतबार बिहानको प्रश्तुतकर्ता हुनलाई तनावग्रस्त हुनुपर्ने छैन । आइतबार बेलुकी प्रचार गर्ने तीन बुँदे सन्देश उसले आत्मिक बृद्धिका बिभिन्न तहका मानिसहरूलाई सम्भावितरूपमा कसरी सन्तुष्टि दिने भनेर कहिले पनि डराउँदै तयार गरिरहनुपर्नेछैन ।[१८] भेला भएका हरेक मानिसहरूलाई पवित्र आत्माले प्रयोग गरेको हेरिरहन र कसरी तिनीहरूले उहाँले तिनीहरूलाई दिनुभएका बरदानहरूलाई प्रयोग गर्न सक्छन् भनेर हौसला दिनको लागि उ खुशी भएर लाग्न सक्छन् । उ बैठकमा अनुपस्थित हुन सक्छ र उबिना नै हरेक काम राम्रोसित गर्न सकिन्छ ।

उसलाई व्यग्र बनाउने कुनै भवन हुँदैन र व्यवस्था गनुपर्ने कुनै तलब दिएर काम लगाएका सेवकहरू पनि हुँदैनन् । उसले अरु स्थानीय मण्डलीका पास्टरहरूसँग प्रतिस्पर्धा पनि गरिरहनु पर्दैन ।

उसको जीवनलाई तनाव दिने त्यहाँ "मण्डलीको बोर्ड" हुँदैन र त्यसले गर्दा मण्डलीभित्र प्राय: जसो हुने राजनैतिक द्वन्द पनि हुँदैन ।

समग्रमा, परमेश्वरले उसलाई जुन कामको निम्ति बोलाउनुभएको थियो, त्यही व्यक्ति हुनसक्छन् र उसलाई सास्कृतिक खीष्टियन धर्मद्वारा हस्तक्षेप पनि हुँदैन । उनी कम्पनीको अध्यक्ष, वा मुख्य व्यक्ति भएर अगुवाई गर्ने कलाकार होइनन् । उ त चेला बनाउँने सन्तहरू निर्माण गर्ने एउटा व्यक्ति मात्र हो ।

## Happy Sheep
## आनन्दित भेडाँ

साँचो बाइबलिय घरेलु मण्डलीको हरेक कुरा भनेको नै साँचो विश्वासीहरूको चाहना र आनन्द हो ।

सबै साँचो विश्वासीहरूले अरु विश्वासीहरूसँग बिशुद्ध सम्बन्धको लागि तृष्णा गर्दछन्, किनभने तिनीहरूको हृदयमा परमेश्वरको प्रेम बगिरहेको हुन्छ । यस्तो प्रकारको सम्बन्धहरू घरेलु मण्डलीहरूको भाग र खण्ड नै हो । अरु दाजु-भाइ तथा दिदी-बहिनीहरूसँग जीवनका बिशुद्ध आशिषहरू बाँडचुँड गर्ने कुरा नै बाइबलले बताएको वास्तविक संगति हो । नयाँ करारमा "एक-अर्काको लागि" भनेर बताइएको धेरै खण्डहरूमा पाइने विश्वासीहरूले गर्नु पने कुराहरूको वातावरणको सृजना घरेलु मण्डलीहरूले गर्दछन् , जहाँ विश्वासीहरूले एक-अर्काको लागि काम गर्न सक्छन् । घरेलु मण्डलीको स्थापनामा विश्वासीहरूले एक-अर्कालाई उत्साह, हौसला, निर्माण सान्त्वना, शिक्षा, सेवा र प्रार्थना गरी दिन सक्छन् । तिनीहरूले प्रेम र असल कार्यमा, एक-अर्काको पापहरू स्वीकार गर्न, एक-अर्काको बोझ उठाउन र भजन, गीत तथा आत्मिक गीतहरूमा बोल्दै एक-अर्कालाई सुधार गर्दै अगाडि बढ्न सक्छन् । आनन्द

---

[१८] धेरै पास्टरहरूले आफूलाई खीष्टको सेवकको रूपमा, परमेश्वरबाट बोलाइएको भनेर भने तापनि, तिनीहरू एकदम राम्रो वक्ता कहिले भएनन् । वास्वमा पास्टरहरूले दिएका धेरै प्रवचनहरू दिक्क लाग्दा वा कुनै समयमा दिक्क लाग्दो प्रकारका हुन्छन् भन्नु कठीन हुन्छ ? एउटा मण्डलीको आलोचनाले अर्को मण्डली भवनको कुर्सीमा बस्नेहरूको बीचमा भएकाहरूलाई सिफारिस गर्दछन् । तर ती दिक्कलाग्दो वक्ता हुने पास्टर हरू भने प्राय: गरेर राम्रोसित बातचित गर्नेहरू हुन्छन् र मानिसहरू एक-अर्कासँग बातचित गर्नलाई भेला हुँदा तिनीहरू कमै मात्रामा दिक्क मान्छन् । त्यसै कारणले घरेलु मण्डलीहरूमा दिइने शिक्षाको आदान-प्रदान प्राय: गरेर चाखलाग्दो हुन्छ । त्यस्तो बेलामा समय चाँडै बित्छ र मण्डलीको प्रवचनको समयमा धेरै गुप्त दृष्टिसँग सामना गर्नु पर्दछ । घरेलु मण्डलीका पास्टरहरूले दिक्क लाग्दो हुने बारेमा चिन्ता लिनु पर्दैन ।

मनाउनेहरूसँग तिनीहरू आनन्द मनाउन र रूनेहरूसँग रून समेत पनि सक्छन् । विश्वासीहरू बसेर हेरि मात्र रहने ती साङ्गठनिक मण्डलीहरूमा आइतबार बिहानको सेवामा यस्तो प्रकारका कुराहरू हुँदैनन् । मलाई एउटा घरेलु मण्डलीको पास्टरले भन्नुभयो, “जब हाम्रो मण्डलीमा कोही बिरामी हुन्छ, म अरुको घरमा गएर खाना पनि खाँदिन, किनभने मैले “खानाको सेवकाइ” लाई त्यागिदिएको हुन्छु । स्वभाविकरूपमा मैले चिनेको र प्रेम गरेको कुनै व्यक्तिकहाँ मात्र खाना खान्छु ।”

साँचो विश्वासीहरू एक-आपसमा छलफल र समावेश हुनलाई आनन्दित हुन्छन् । निस्क्रियरूपमा बसेर बर्षैपिच्छे अप्रासंगिक वा अनावश्यक प्रवचन सुन्नुले तिनीहरूको बौद्धिकता र आत्मिकताको बेइज्जत हुन्छ । बरू, परमेश्वर र उहाँको वचनको सम्बन्धमा तिनीहरूले पाएका व्यक्तिगत आशिषहरू बाँडचुँड गर्ने अवसर पाउन तिनीहरू चाहन्छन् र त्यो अवसर घरेलु मण्डलीहरूले उपलब्ध गराउँछन् । सांस्कृतिक नमुनाभन्दा बाइबलिय नमुनाको अनुकरण गर्दै प्रत्येक व्यक्तिसँग एकसाथ भेला हुँदा “भजन, शिक्षा, प्रकाश, अन्यभाषा र अर्थ खोलाई हुन्छ” (१ कोरिन्थी १४:२६) । घरेलु मण्डलीहरूमा कोही पनि भीडँमा हराउन पाउँदैन वा मण्डलीको गुटबन्दीमा अलग हुनुपर्दैन ।

साँचो विश्वासीहरू सेवाको काममा परमेश्वरद्वारा प्रयोग गरिन चाहना राख्दछन् । घरेलु मण्डलीमा अरुहरूलाई आशिर्वाद दिनको लागि हरेक व्यक्तिले मौका पाउँछन् र सबैको बीचमा उत्तरदायित्वहरू बाँडचुँड गरिन्छ, जसले गर्दा साङ्गठनिक मण्डलीहरूमा प्रायः जसो मण्डलीका सदस्यहरूको बीचमा हुने गरेको जलनको अनुभव कसैले पनि गर्नु पर्दैन । कम्तीमा पनि हरेकले संयुक्त भोजको निम्ति खानेकुराहरू ल्याएर बाँडचुँड गर्न सक्छन् , जसलाई धर्मशास्त्रले “प्रेम भोज” भनेर उल्लेख गरेको छ (यहूदा १:१२) । धेरै घरेलु मण्डलीहरूको लागि त्यस प्रकारको भोज सक्कली प्रभु भोजको उदाहरणको रूपमा अनुकरणीय भएको छ, जुन प्रभु भोज वास्तवमा एउटा निस्तार चाडको भोजको एउटा भाग नै भएको थियो । प्रभु भोज मैले पहिले सेवकाई गरेको साङ्गठनिक मण्डलीको एउटा सानो बालकले “परमेश्वर को पवित्र भोजन” भनेको जस्तो होइन । रोटीको एउटा सानो टुक्रा र अलिकति जुस मण्डलीको थोरै समयमा गरिने सेवामा बसेर मानिसहरूको बीचमा पिउनु बाइबलको लागि र बाइबलिय घरेलु मण्डलीहरूको लागि एकदमै बिदेशी कुरा जस्तै हो । प्रभुभोजको बिधिवत अर्थ एक-अर्कामा प्रेम गर्ने चेलाहरूको बीचमा बसेर बाँडचुँड गरेर खाने भोजको समयमा गरिने बृद्धि गरिएको एउटा रूप हो ।

घरेलु मण्डलीमा, आराधना सामान्य, इमान्दार र प्रश्तुति गर्ने नभएर साझेदारी प्रकारको हुन्छ । साँचो विश्वासीहरूले परमेश्वरलाई आत्मा र सत्यतामा आराधना गर्दछन् ।

## Doctrinal Balance and Toleration
## सैद्धान्तिक सन्तुलन र सहिष्णुता

सानो मण्डलीको भेलाको अनियमित तथा खुल्ला मञ्चमा पढ्न सक्ने जो सुकैले पनि सबै शिक्षालाई जाँच्न सक्दछ । एक-अर्कालाई चिनजान गरेका र प्रेम गरेका दाजु-भाइ तथा दिदी-बहिनीहरूले तिनीहरूका बिचारहरू आदरपूर्वक सुनेर ध्यान दिन सक्छन् र त्यसको साथै यदि झुण्ड सर्वसम्मतिमा पुगेन भने पनि तिनीहरूले ल्याएको सिद्धान्तलाई मन नपराए तापनि तिनीहरू एक-आपसमा प्रेममा बाँधिएरै रहन्छन् । एल्डरहरू/पास्टरहरू /निरीक्षकहरू समेत जो

सुकैले जुन सुकै शिक्षा ल्याए तापनि जो सुकैले पनि त्यस शिक्षाको जाँच गर्न समर्पित हुन्छन् , किनकि त्यो शिक्षा ल्याउने शिक्षक प्रत्येक सदस्य हुनसक्छ (१ यूहन्ना २:२७) । बाइबलिय नमुनाको जाँचबुझ गरेर सन्तुलनमा ल्याइएको निर्माणले सैद्धान्तिक हस्तक्षेपबाट रोक्न मण्डलीलाई सहायता पुग्दछ ।

आधुनिक साङ्गठनिक मण्डलीहरूमा भएको मापदण्डसँग यो कुरा अलिक मिल्दैन, जहाँ मण्डलीको शिद्धान्त सुरुदेखि नै स्थापित भैसकेको हुन्छ र चुनौती दिन पनि मिल्दैन । परिणामस्वरूप, नराम्रा सिद्धान्तहरू अनिश्चित रूपमा रहन्छन् र सिद्धान्तहरू ग्रहण गरिनको लागि जाँचिन तयार गरिन्छन् । यही कारणले नै, एउटा प्रवचनको एउटा बुँदाले मात्र पनि विश्वासीहरू तुरन्तै भड्केर गई अस्थाई रूपमै भए पनि “मन मिल्ने विश्वासीहरू” खोज्न अर्को झुण्डमा (मण्डलीमा) फाल हाल्दछन् । तिनीहरू पास्टरसँग तिनीहरूको सैद्धान्तिक असहमतिको बारेमा कुरा गर्नु कुनै अर्थ छैन भनेर जान्दछन् । यदि पास्टरले आफ्नो बिचार बदल्न खोजे तापनि, उसले आफ्नो सम्प्रदायका ठूल–ाबडा मानिसहरूको साथै मण्डलीमा भएका थुप्रै मानिसहरूबाट यो कुरा लुकाउनु पर्ने हुन्छ । साङ्गठनिक मण्डलीहरूभित्र भएका सैद्धान्तिक भिन्नताहरूले त्यस्ता पास्टरहरूको उत्पादन गरी दिन्छन् , जोहरू संसारकै एकदम दक्ष राजनीतिज्ञहरू हुन् र ठूला गन्यमान्य वक्ताहरू हुन् , जोहरूले अनिश्चितरूपले सार्वजनिक कुराहरू बोल्दछन् र विवादास्पद हुने व्यर्थका कुराहरू हरेकलाई तिनीहरूको समूहमा ल्याउन आफ्ना भाषणमा बोल्दछन् ।

## A Modern Trend
## आधुनिक बिचारधारा

चाखलाग्दो कुरा, धेरै-धेरै आधुनिक साङ्गठनिक मण्डलीहरूले चेलापनमा भएको महत्वलाई बुझेर आफ्नो मण्डलीहरूभित्र स-साना झुण्डहरूको बिकास गरिरहेका छन् । केही मण्डलीहरू तिनीहरूको साना झुण्डहरूलाई आधार बनाएर तिनीहरूलाई आफ्नो सेवकाइको महत्वपूर्ण रूपमा बिचार गरेर अझ अगाडि बढिरहेका छन् । ठूला “उत्सवको रूपमा गरिने सेवाहरू” साना झुण्डहरूको लागि प्राथमिक महत्वका छन् (सैद्धान्तिक रूपमा मात्रै भए पनि) ।

यिनीहरू ठीक दिशामा भएका कदमहरू हुन् र परमेश्वरले यस्तो प्रकारको कदमहरूमा आशिष दिनुहुन्छ, जसरी हामीमाथि भएको उहाँको आशिष हामी उहाँको इच्छामा लागिरहन सकौं भन्ने स्तरमा सन्तुलितरूपमा हाली दिनुभएको छ । वास्तवमा, “कोषिय मण्डलीहरू” चेला बनाउने कार्यको लागि उच्चस्तरिय साङ्गठनिक मण्डलीहरूभन्दा राम्रोसित निर्माण गरिएका हुन्छन् । तिनीहरू संयुक्त रूपमा साङ्गठनिक मण्डलीको नमुना र घरेलु मण्डलीको नमुनाहरूको बीचमा आधा बाटोमै खडा भएका छन् ।

स-साना झुण्डहरू भएको आधुनिक साङ्गठनिक मण्डलीसँग कसरी प्राचीन र आधुनिक घरेलु मण्डलीहरू तुलना गरिन्छन् ? त्यहाँ केही भिन्नताहरू छन् ।

उदाहरणको लागि, दुर्भाग्यबस साङ्गठनिक मण्डलीहरूभित्र भएका साना झुण्डहरूले कहिले – काँही साङ्गठनिक मण्डलीहरूभित्र भएका गल्तीहरूलाई बढावा दिन्छन् , बिशेष गरेर सानो झुण्डको सेवकाई सुरु गर्नको लागि साँचो अभिप्राय प्रमुख पास्टरको राज्य निर्माण गर्नु हो । परिणामस्वरूप, तिनले उसको आफ्नै अन्तको लागि मानिसहरूलाई प्रयोग गर्दछन् र सानो झुण्ड त्यस योजनाको लागि अति राम्रो गरी सुहाउँदो हुन्छ । जब यो कुरा हुन्छ, सानो झुण्डका अगुवाहरू तिनीहरूको आमा मण्डलीप्रति कतिको समर्पित छन् भनेर जाँच गरिनको लागि छानिएका हुन्छन् र तिनीहरू धेरै बरदान पाएकाहरू अर्थात क्यारेस्म्याटिक बनिरहनु पर्दैन, नत्र ता शैतानले तिनीहरूको मस्तिष्कमा बिचारहरूले भरिदिन्छ र तिनीहरूले यस कुरालाई तिनीहरू आफैबाट आएको भनेर भन्नेछन् । यस्तो प्रकारको नितीले साना झुण्डहरूको प्रभावकारितालाई बाधा दिन्छ र अरु जुनसुकै साङ्गठनिक मण्डलीहरूमा झैं साँचो रूपमा बोलाइएकाहरू र उठेका अगुवाहरूलाई बाइबल स्कूल र सेमिनारीहरूतर्फ साँचो बरदानहरू भएको मण्डलीलाई लुट्दै र त्यस्ता प्रकारका मानिसहरूलाई आफूले काम गरेको ठाउँमा चेला बनाउनुको साटो शिक्षा सिकाउने अरुनै ठाउँमा उन्मुख गराउँदै धकेलिदिन्छ ।

साङ्गठनिक मण्डलीहरूमा भएको साना झुण्डहरू प्रायः गरेर संगतिका झुण्डहरूभन्दा अलिक सानो रूपमा बिकसित भएका हुन्छन् । साँचो रूपमा चेला बनाउने कार्य हुँदैन, किनकि मानिसहरू आइतबार बिहानको सेवामा नै आत्मिक तवरले खुवाइएका हुन्छन् । साना झुण्डहरूले कहिले–काँही आइतबार बिहानको सेवा दोहोऱ्याउन नचाहेर परमेश्वरको वचनको साथमा अरुनै कुराहरूमा केन्द्रित हुन्छन् ।

साङ्गठनिक मण्डलीहरूका साना झुण्डहरू प्रायः जसो आत्माद्वारा जन्मनुको साटो मण्डलीका सदस्य सहकर्मीद्वारा संगठित भएका हुन्छन् । तिनीहरू मण्डलीको धेरै कार्यक्रमहरूको बीचमा अर्को एउटा कार्यक्रम बन्दछन् । मानिसहरू तिनीहरूको उमेरको आधारमा, सामाजिक मर्यादाको आधारमा, पृष्ठभूमिको आधारमा, तिनीहरूको चासोको आधारमा, वैवाहिक अवस्था वा भौगोलिक स्थितिको आधारमा सँगसँगै राखिन्छन् । बाखा प्रकारकाहरू प्रायः गरेर भेडा प्रकारका विश्वासीहरूसँगै मिसिएका हुन्छन् । यी सबै शारीरिक प्रकारको संगठनले विश्वासीहरूलाई तिनीहरूको भिन्नतामा एक-अर्कामा प्रेम गर्नलाई सिकाउन मद्धत गर्दैन । सुरुको मण्डलीको धेरै जसो मानिसहरू यहूदीहरू र अन्यजातिहरूको मिश्रण थिए भनेर सम्झनुहोस् । तिनीहरूले दैनिक रूपमा खानेकुराहरू बाँडचुँड गरेर सँगसँगै खाने गर्दथे, जुन यहूदी परम्पराले निषेध गरेको थियो । कति राम्रो सिक्नुपर्ने अनुभव तिनीहरूको सभामा थियो ! प्रेममा हिँड्नु पर्ने कति राम्रो मौका ! सु-समाचारको शक्तिको कस्तो राम्रो साक्षी ! त्यसो भए, साना झुण्डहरूको सफलतालाई हासिल गर्नको लागि हामीले हरेकलाई समष्टिगत झुण्डहरूतर्फ बिभाजन गर्नैपर्छ भनेर हामी किन सोच्छौं ?

साना झुण्डहरू भएका साङ्गठनिक मण्डलीहरू अझै पनि आइतबार बिहानको संगति गर्छन् । जहाँ दर्शकहरूले त्यहाँ भएका वक्ताहरूले गरेको प्रश्तुतिलाई हेर्ने गर्दछन् । साङ्गठनिक मण्डलीहरूको सबै सेवा साँच्चै नै महत्वपूर्ण हुन् भनेर देखाउँदै साना झुण्डहरूलाई कहिले पनि "साँचो" मण्डली सेवाहरूमा भेट्नको लागि अनुमति दिइँदैन । त्यस सन्देशको कारण, यदि आइतबार बिहानको सेवामा उपस्थित हुनेहरूको धेरै जसो मानिसहरूको संख्या सानो झुण्डमा ऐच्छिक जस्तो देखेर सहभागी हुनलाई हौसला दिइए तापनि तिनीहरू त्यहाँ सहभागी हुँदैनन् । तिनीहरू अति महत्वपूर्ण साप्ताहिक सेवामा उपस्थित हुन पाउँदा नै सन्तुष्ट हुन्छन् । त्यसैले सानो झुण्डको अवधारणा बिशेष रूपमा बिकसित गरिएको हो, तर आइतबारको साङ्गठनिक

मण्डलीको सेवा जस्तो बिशिष्ट प्रकारले भने बिकसित गरिएको होइन । साँचो संगति, चेलापन र आत्मिक बृद्धिको लागि अति राम्रो मौका चाँहि प्रभावकारी रूपमा भूमिका खेल्नु हो । यस सम्बन्धी गलत संदेश पठाइएको छ। साङ्गठनिक सेवा अझै पनि राजा बनिरहेको छ ।

## More Differences
## धेरै भिन्नताहरू

साना झुण्डहरू भएको साङ्गठनिक मण्डलीहरू अझै पनि सङ्क्रिय पिरामिड जस्ता बनौटका छन् , जहाँ हरेकले आफ्नो धर्माधिकारको स्थानलाई थाहा गर्दछ । माथिल्लो ओहोदामा भएका मानिसहरू आफैले आफूलाई “सेवक अगुवाहरू” भनेर भन्न सक्दछन् , तर तिनीहरू प्रायः जसो त्योभन्दा पनि बढी मुख्य कार्यकारिणी हाकिम जस्ता हुन्छन् जोहरू मुख्य निर्णयहरू गर्नको लागि उत्तरदायी हुन्छन् । मण्डली जति ठूलो भयो, त्यति नै पास्टर आफ्नो बगालका सदस्यहरूबाट टाढा हुन पुग्दछन् । यदि उनी साँचो पास्टर हुन् भने र असुरक्षित क्षणमा साँचो कुरा बताउन तपाईं उनी सामु जानुभयो भने, उसले तपाईंलाई सानो बगाललाई रेखदेख गर्दा उनी अझ बढी खुशी हुन्थे भन्ने कुरा अक्सर गरेर भन्नेछन् ।

त्यसै गरेर साना झुण्डहरू भएको साङ्गठनिक मण्डलीहरूले अझै पनि धर्मगुरूहरू र सामान्य विश्वासीहरूको बिभागलाई बढावा दिन्छन् । सानो झुण्डका अगुवाहरू सँधै तलबमा काम गर्ने मानिसहरूको अधीनमा हुन्छन् । बाइबल अध्ययनका पाठहरू प्रायः धर्म गुरूहरूले स्वीकार गरिसकेपछि वा प्रमाणित गरिसकेपछि मात्र चलाउन पाइन्छ, किनकि सानो झुण्डका अगुवाहरूलाई धेरै अधिकार दिएर तिनीहरूलाई भरोसा गर्न सकिन्दैन । सानो झुण्डहरूलाई बप्तिष्मा वा प्रभुभोजको सेवा चलाउने अनुमति दिइन्दैन । यी पवित्र बिधिहरू अधिकार र उपाधिप्राप्त व्यक्तिहरूले मात्र संचालन गर्न पाउँछन् । मण्डलीभित्र सेवकाई गर्नको लागि बोलावट पाएकाहरूले सेवकाई गर्ने “साँचो” झुण्डमा सहभागी हुनलाई योग्यताप्राप्त गर्न बाइबल स्कूल वा सेमिनारीमा गएर अध्ययन पूरा गरेको हुनु पर्दछ ।

साङ्गठनिक मण्डीहरूभित्र भएका साना झुण्डहरू कहिले–काँही सानो मण्डली सेवाहरूभन्दा बढी हुँदैनन् । तिनीहरूले ६० देखि ९० मिनटभन्दा बढी सेवा चलाउँदैनन् , जहाँ एउटा बरदानयुक्त व्यक्तिले आराधनाको अगुवाई दिन्छन् भने, अर्को बरदानयुक्त व्यक्तिले चाँहि प्रमाणित शिक्षा दिन्छन् । त्यहाँ अरुहरूलाई प्रयोग गर्न, बरदानहरू दिन वा सेवकहरूको बिकास गर्नलाई आत्माको लागि सानो ठाउँ मात्र दिइएको हुन्छ । साङ्गठनिक मण्डलीहरूका सानो झुण्डहरूमा भएका मानिसहरू प्रायः गरेर त्यति गम्भीर रूपमा समर्पित भएका हुँदैनन् । तिनीहरू अनियमित रूपमा उपस्थित हुन्छन् र तिनीहरूको झुण्ड कहिले–काँही त अस्थाई नै पो भइहाल्छन् र त्यसैले समुदायको गहिराई घरेलु मण्डलीहरूको भन्दा थोरै हुन्छ ।

सामान्यतया साङ्गठनिक मण्डलीहरूको साना झुण्डहरू हप्ताभरिमा भेट्दछन् तर अको मण्डलीको सभामा साप्ताहिक सेवामा भेटेको जस्तो त्यहाँ भीड चाँहि हुँदैन । परिणामस्वरूप, हप्ताको बीचमा भेट्ने झुण्ड सामान्यतया उपस्थित हुन सक्नेहरूको लागि दुई घण्टाभन्दा बढी नभै समय सिमित हुन्छ र स्कूल जानेहरू वा धेरै टाढा यात्रा गर्नु पर्नेहरूको लागि निषेधित हुन्छ ।

यहाँसम्म कि जब साङ्गठनिक मण्डलीहरूले सानो झुण्डको सेवकाइको बिकास गर्दछन् , तब तिनीहरूको पैसा खर्च गर्नको लागि अझै पनि त्यहाँ भवन हुन्छ नै । वास्तवमा, यदि सानो झुण्डहरूको कार्यक्रमले मण्डलीमा मानिसहरू थप्ने काम गर्दछ भने, मण्डली भवनको कार्यक्रममा अझ बढी नै पैसा खर्च भएर सकिन्छ । यसको अतिरिक्त, साङ्गठनिक मण्डलीहरूभित्र संगठित साना झुण्डहरूले धेरै जसो एकजना भए पनि तलबमा कार्य गने कार्यकर्ताको माग गरेकै हुन्छन् । त्यसको मतलब अर्को मण्डली कार्यक्रमको लागि अरु बढी पैसा खर्च गर्नु पर्ने हो ।

सबैभन्दा खराब कुरा के हो भने, सानो झुण्डहरू भएका साङ्गठनिक मण्डलीका पास्टरहरूले व्यक्तिगत तवरले प्रायः गरेर चेला बनाउने कार्यमा एकदम सिमित भएर नै त्यस्तो भएको हो । तिनीहरू आफ्ना धेरै जिम्मेवारी भएको कारण असाध्यै व्यस्त हुन्छन् र एकजनाले एकजनालाई चेला बनाउने कार्यको लागि तिनीहरूसँग अलिक थोरै मात्र समय भएको तिनीहरूले आफूलाई पाउँदछन् । तिनीहरूले चेला बनाउने कार्यमा आफूलाई नजीक बनाउने भनेको नै साना झुण्डका अगुवाहरूलाई चेला बनाउने कार्य गर्नु हो, तर त्यो पनि महिनामा एकपल्टको भेटमा सिमित हुन्छ ।

मेरो बिचारमा, सबभन्दा महत्वपूर्ण कुराचाँहि घरेलु मण्डलीहरू नै चेलाहरू बनाउने र बृद्धि गर्ने तथा चेला बनाउने मानिसहरू उत्पादन गर्ने कार्यमा प्रभावकारी र बढी बाइबलिय छन् । जे भए तापनि, मैले महसुस गरेकोछु , कि मण्डली परम्परा सैयौं बर्षसम्म त्यति सजिलैसित चाँडै परिवर्तन हुँदैन । त्यसैले म साङ्गठनिक मण्डलीका पास्टरहरूलाई अनुरोध गर्दछु , कि तिनीहरूले आफ्नो मण्डलीलाई अझ बढी बाइबलिय र चेलाहरू बनाउने नमुनामा ल्याउने दिशातिर उन्मुख भई केही गरून् ।[१९] तिनीहरूले व्यक्तिगत रूपमा भविष्यका अगुवाहरूलाई चेला बनाउने वा सानो झुण्डहरूको सेवकाइलाई अग्रसर गराउने भन्ने बिचार गर्न सक्छन् । तिनीहरूले “सुरुको मण्डलीमा आइतबार” हुने संगति जस्तो सञ्चालन गर्न सक्नेछन् र त्यो बेला पहिलो तीन शताब्दीसम्म सुरुका खीष्टियानहरूले गरे जस्तो हरेकले घर-घरमा भेटेर भोजन बाँडचुँड गरेर खान सक्नेछन् र तिनीहरूका मण्डली भवन पनि बन्द हुनेछन् ।

सानो झुण्डहरू भएका मण्डलीका पास्टरहरूले ती कतिपय साना झुण्डहरू घरेलु मण्डलीमा परिणत भएको कुरालाई बिचार गर्न सक्छन् र त्यहाँ भएका कुराहरूलाई तिनीहरूले देख्न सक्छन् । यदि साना झुण्डहरू स्वस्थ छन् र परमेश्वरबाट बोलावट पाएका पास्टरहरू/एल्डरहरू/निरीक्षकहरूद्वारा अगुवाई पाएका छन् भने, तिनीहरू आफ्नै खुट्टामा उभिएर सेवकाई गर्न सक्षम हुन्छन् । तिनीहरूलाई आबद्ध नभएको कुनै मण्डलीको नयाँ मण्डली झुण्डलाई आमा मण्डलीको खाँचो परेझैं आफ्नो झुण्डको लागि आमा मण्डलीको कुनै पनि जरूरत पर्दैन । किन तिनीहरूलाई स्वतन्त्र नगर्ने ?[२०] आमा मण्डलीमा भइरहेको मण्डलीका सदस्यहरूको पैसाले घरेलु मण्डलीका पास्टरलाई सहयोग गर्न सकिन्छ ।

---

[१९] “पागलपन” भन्ने शब्दको लागि मलाई एकदम मन पर्ने परिभाषाहरूमध्येको एउटा परिभाषा यस्तो छ, एउटै कुरा दोहाऱ्याउँदै बारम्बार गरिरहनु र बिभिन्न परिणामहरूको आशा गर्नु । पाष्टरले हरेक सदस्यहरूलाई बर्षौंसम्म तिनीहरू चेला बनाउने काममा सहभागी हुनुपर्छ भन्ने बारेमा तिनीहरूको जिम्मेवारीहरू सिकाउन सक्छन् , तर जबसम्म तिनीहरूले ढाँचा वा बनोटलाई परिवर्तन गर्दैनन् , तबसम्म मानिसहरू निरन्तर रूपमा मण्डलीमा आएर बस्छन् , सुन्छन् र घर फर्केर जान्छन् मात्र । पास्टर, यदि तपाईंले बिगतमा मानिसहरू परिवर्तन गर्न नसकेकै कुरा अझ पनि गरिरहनुभएको छ भने, भविष्यमा पनि मानिसहरू परिवर्तन हुने छैनन् । तपाईंले गरिरहनुभएको कुरालाई परिवर्तन गर्नुहोस् !

घरेलु मण्डली सम्बन्धी मेरो समर्थनको अर्थ, के साङ्गठनिक मण्डलीहरूको बारेमा कुनै पनि कुरा ठीक छैन भन्ने हो ? होइन, वास्तवमा त्यसो होइन । खीष्टको आज्ञा पालन गने चेलाहरूको साङ्गठनिक मण्डलीहरूमा नै निर्माण भएको हो, तिनीहरू प्रशंसनिय छन् । जे भए तापनि, तिनीहरूको अभ्यासहरू र बनौटले चाँहि कहिले–काँही खीष्टले हाम्रो सामु राखी दिनुभएको लक्ष्यमा पुग्न असहाय बनाउनुको अलावा बाधा दिइरहेका हुन्छन् र तिनीहरू प्रायः गरेर पास्टरको हत्यारा नै साबित हुन्छन् ।

## What Happens at a House Church Gatharing ?
## घरेलु मण्डलीको भेटघाटमा के हुन्छ ?

हरेक घरेलु मण्डली उस्तै बनौटमा हुनु पर्दछ भन्ने होइन, र त्यहाँ धेरै बिभितताको लागि स्थान हुन्छ । हरेक घरेलु मण्डलीले आफ्नै सांस्कृतिक र सामाजिक अन्तरलाई परिवर्तन गर्नु पर्दछ । बिशेष गरेर खीष्टियन साँस्कृतिक परम्परा नभएका देशहरूमा प्रचार कार्य किन धेरै प्रभावकारी हुन्छ भन्ने कुराको एउटा कारण घरेलु मण्डलीका सदस्यहरूले तिनीहरूका छिमेकीहरूलाई मण्डली भवनमा निम्त्याउँदैनन् , किनकि त्यहाँ हुने तिनीहरूका धार्मिक कार्यहरू ती छिमेकीहरूको निम्ति सम्पूर्ण तवरले बिदेशी जस्तो अनौठो लाग्न सक्छ । जुन कुरो तिनीहरूलाई परिवर्तन गर्नको लागि एउटा मुख्य बाधाको कारण हुन सक्छ । बरू तिनीहरूले आफ्ना साथीहरूसँग तिनीहरूका छिमेकीहरूलाई खाना खान निम्तो दिन्छन् ।

साधारणतया संयुक्त भोज घरेलु मण्डलीको मुख्य अङ्ग नै हो । धेरै घरेलु मण्डलीहरूको लागि त्यही भोजमा नै प्रभु भोज मनाउँदछन् र प्रत्येक घरेलु मण्डलीले यसको आत्मिक बिशेषतालाई लिएको छ । भोजको रूपमा प्रभु भोजको उत्सव मनाउने कुरा सुरुका मण्डलीहरूबाट अनुकरण गरिन्दै आएको एउटा भाग नै हो । हामी सुरुका खीष्टियानहरूको बारेमा पढ्दछौं :

“तिनीहरू प्रेरितहरूको शिक्षा, सङ्गति र संयुक्त भोज र प्रार्थनामा भक्तिसाथ निरन्तर लागिर हन्थे......तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे र घर-घरमा भोजन गर्थे र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुलि खान्थे (प्रेरित २:४२,४६) ।

अक्षरशः रूपमा सुरुका खीष्टियानहरूले रोटीहरू लिन्थे र ती रोटीहरू भाँच्दै र एक-अर्कामा बाँडचुँड गर्दै तिनीहरूको सँस्कृतिमा व्यवहारिक रूपले मिलीजुली खान्थे । के ती सुरुका खीष्टियानहरूको लागि खानाको समयमा गरिने रोटी भाँचिने कार्यले केही आत्मिक बिशेषतालाई लिएको थियो त ? बाइबलले यस बारेमा निश्चित कुरा त बताउँदैन । जे भए तापनि, बिलियम बार्सलीले आफ्नो पुस्तक “द लर्ड सपर” मा लेख्दछन् , “प्रभु भोज एउटा पारस्परिक भोजको रूपमा वा निजी घरमा मित्रहरूसँगसँगै बसेर खाने भोजको रूपमा शुद्ध भएको थियो भनेर कुनै शंका छैन.......रोटी भाँचेर लिइने रोटीको सानो एउटा टुक्रा र अलिकति दाखरस लिने बिचारले मौलिक प्रभुभोजसँग कुनै सम्बन्ध राख्दैन........। प्रभु भोज मौलिक रूपमा मित्रहरूको घरमा गरिने पारिवारिक भोज हो ।” यो कुरा अचम्भको छ, कि हरेक आधुनिक बाइबलका बिद्वानहरू बार्सलीसँग सहमत हुन्छन् , तर पनि मण्डलीले यस बिषयमा

---

[@०] वास्तवमा धेरै पास्टरहरूले यस बिचारलाई बिरोध गर्नुको प्राथमिक कारणचाँहि तिनीहरूले परमेश्वरको राज्य होइन तर आफ्नै राज्य निर्माण गरिरहेकाछन् ।

परमेश्वरको वचनलाई पछ्याउनुको अलावा यसको आफ्नै परम्परालाई अझैसम्म पछ्याइरहेका छन् ।

प्रभु येशूले आफ्ना चेलाहरूलाई उहाँले तिनीहरूलाई आशा गर्नुभएका सबै कुराहरू पालन गर्नको लागि सिकाउनु भनेर आज्ञा गर्नुभएको थियो, त्यसैले जब उहाँले तिनीहरूलाई उहाँको सम्झनाको लागि रोटी र दाखरससँगै बसेर खान आज्ञा गर्नुभएको थियो, त्यसै गरेर तिनीहरूले पनि आफ्ना चेलाहरूलाई त्यसै गर्नको लागि सिकाउनु पर्ने थियो । के त्यो कुरा संयुक्त भोजमा गर्न सकिन्थ्यो त ? यदि हामीले पावलले कोरिन्थीहरूलाई लेखेका वचनहरू पढ्यौं भने, यो निश्चय पनि त्यस्तो देखिन्छ :

“त्यसैकारण तिमीहरू एकसाथ भेला भएर खानपान गरेको चाँहि प्रभुभोज होइन (अनि उहाँले यहाँ मण्डली भवनमा भेला हुने कुरा गरिरहेको छैन, किनभने त्यहाँ कुनै पनि मण्डली भवनहरू थिएनन्), किनकि खान बस्दा हरेकले आफ्नो भोजन खान थाल्दछन् , र कोही भोकै र हन्छन् , अनि कोही चाँहि मद्यले मातेका हुन्छन् (१ कोरिन्थी ११:२०-२१) ।

अहिलेका आधुनिक मण्डलीहरूले अभ्यास गरेको जस्तो प्रभु भोजको बारेमा यदि पावलले बोलेको भए यस्तो प्रकारका वचनहरूले के कुनै अर्थ दिने थिएन त ? के तपाईंले कहिले अहिलेको आधुनिक मण्डलीको सेवामा कसैले आफ्नो भोजन पहिले नै निकालेर खाएको र कोहीचाँहि भोकै र कोहीचाँहि मद्यले मातेको कुनै प्रभु भोजको सेवामा सुन्नुभएको छ ? यदि प्र भु भोज साँच्चैको भोज जस्तो हुनु हो भने यी वचनहरूले भनेको कुराको अर्थ लाग्ने थियो । पावल निरन्तर लेख्दछन् :

“खान र पिउनलाई के तिमीहरूका आ-आफ्ना घर छैनन् र ? अथवा के तिमीहरू परमेश्वर को मण्डलीलाई तुच्छ ठान्छौ (स्मरण रहोस् , पावलले मण्डली भवनको बारेमा लेखिरहेका छैनन् , तर भेला भएका मानिसहरू, जो परमेश्वरका मण्डली हुन् , तिनीहरूको बारेमा लेखिएका छन् ), र केही नहुनेहरूको अपमान गर्दछौं ? म तिमीहरूलाई के भनुँ ? के यसको निम्ति म तिमीहरूको प्रशंसा गरूँ ? यस कुरामा म कदाचित तिमीहरूको प्रशंसा गर्दिन” (१ कोरिन्थी ११ :२२) ।

यदि जे गरिएको थियो त्यो वास्तविक भोजको सन्दर्भमा नगरिएको भए केही पनि नहुने मानिसहरू कसरी शर्ममा पर्ने थिए ? पावलले वास्तविक कुरा देखाइरहेका थिए, कि केही कोरिन्थीका विश्वासीहरू जोहरू पहिले नै भेला भइसकेका हुन्थे अरुहरू आइपुगुञ्जेलसम्म तिनीहरूले नपर्खिकनै आफ्नो भोजन खाइहाल्थे । जब संयुक्त भोजमा अरहरूसँग बाँड्चुँड गर्नको लागि सायद केही पनि नहुने मानिसहरू आफूसँग केही पनि नलिइकन आइपुग्थे, तब तिनीहरू भोकै मात्र रहँदैनथे तर शर्ममा पनि पर्नु पर्दथ्यो, किनभने यो कुरा स्पष्ट थियो, कि तिनीहरूले अरुसँग केही पनि ल्याएका हुँदैनथे ।

यसपछि पावलले तुरन्तै उनले “प्रभुबाट पाएको” बिधि प्रभु भोजको बारेमा लेखे (१ कोरिन्थी ११:२३) र पहिलो प्रभु भोजमा के भएको थियो भन्ने कुरा पनि तिनीहरूलाई सम्झना गराइदिए (हेर्नुहोस् - १ कोरिन्थी ११:२४-२५) । त्यसपछि तिनले कोरिन्थीहरूलाई प्रभुको शरीर लाई नचिनीकन, अपरिपक्व रीतिले आफूलाई नजाँचीकन अयोग्यताका साथ प्रभु भोजमा सहभागी हुनेहरूले आफैलाई रोगी, दुर्बल र असामयिक मृत्युको रूपमा न्यायमा पर्नेछन् भनेर समेत चेतावनी दिए (हेर्नुहोस् - कोरिन्थी ११:२६-३२) ।

त्यसपछि तिनी निष्कर्षमा भन्दछन् ,

"यसकारण, मेरा भाइ हो, खानलाई एकसाथ भेला हुँदा एक दोस्रोलाई पर्ख । यदि कोही भोको छ भने, त्यसले घरैमा खाओस् , नत्र ता तिमीहरू एकसाथ भेला हुँदा दण्डको भागी हुनेछौ" (१ कोरिन्थी ११:३३,३४) ।

सान्दर्भिक रूपमा, प्रभु भोजमा गरिएको अपमानित कुरा अरु विश्वासीहरूको सोँच बिचारमै नभएको कुरा थियो । पावलले फेरि पनि तिनीहरूलाई चेतावनी दिए, जसले पहिले नै अरु हरूसँग बाँड्चुँड् गरेर खानु पर्ने खाना खाइहाल्थे । परमेश्वरद्वारा न्याय गरिने (वा ताड्ना दिइने) खतरामा संयुक्त भोजहरू थिए । त्यस कुराको समाधान चाँहि एकदम साधारण थियो । यदि कोही अरुहरूलाई पर्खनै नसक्ने गरी एकदम भोकाएको थियो भने, उसले मण्डलीमा भेला हुनको लागि आउनुभन्दा पहिले नै केही खाएर आउनु पर्ने थियो । अनि पहिले नै आएकाहरूले भोजनको लागि अलिकपछि आउनेहरूलाई पर्खनु पर्ने थियो, चाहे त्यो संयुक्त भोज होस् या प्रभु भोज होस् ।

जब हामी पूरै खण्डमा हेर्दछौं, तब पावलले भनेका कुरा स्पष्ट हुन्छ, कि यदि प्रभु भोज खाइरहेको कुरा हो भने, यो प्रभुलाई प्रसन्न पार्ने तरिकाले एक-अर्काको लागि प्रेम र सोँच बिचार प्रकट गर्दै गरिएको हुनु पर्दछ ।

यो कुरा सिसाझैं छर्लङ्ग हुन्छ, कि सुरुको मण्डलीले कथंकदाचित अभिषिक्त धर्म गुरूबिना नै घर-घरमा संयुक्त भोजको एउटा भागकै रूपमा प्रभु भोजको अभ्यास गर्दथ्यो । हामीले चाँहि किन नगर्ने ?

## Bread and Wine
## रोटी र दाखरस

प्रभुभोजका तत्वहरूको प्रकृति त्यति महत्वपूर्ण कुरा होइनन् । यदि हामी मौलिक प्रभु भोजको पूर्ण अनुकरणको लागि प्रयत्नरत हुनु हो भने, हामीले रोटीको वास्तविक भागलाई र मौलिक दाखरसको वास्तविक प्रकारलाई जानेको हुनु पर्दछ । (पहिलेका केही शताब्दीहरूमा मण्डलीका केही फादरहरूले एकदम कठिनाइको साथ दाखरसलाई घोल्नु पर्दछ, नत्र भने प्रभु भोजको अभ्यास राम्रो प्रकारले हुँदैन भनेर निर्धारित गरी दिए) ।

रोटी र दाखमद्य प्राचीन यहूदीहरूको भोजनको अति नै केही महत्वपूर्ण र प्राचीन तत्वहरूमध्येका थोकहरू थिए । प्रभु येशूले दुईवटा कुराहरूलाई महत्वको साथमा मान्यता दिनुभयो, जुन कुराहरू एकदम प्रचलनमा थिए । हरेक दिन प्रत्येक मानिसले व्यवहारिक रूपमा ती उपयोग गर्ने खानाहरू थिए । इतिहासमा बिभिन्न समयमा उहाँ अरुहरूको संस्कृतिमा जानुभएको थियो भने, पहिलो प्रभु भोजमा चीज र बाखाको दूध वा चामलको रोटी र भूइँकटहर को रसलाई पनि प्रयोग गर्न सक्नुहुने थियो होला । त्यसैले जुनसुकै खाना र पेयले सम्भावित रूपमा उहाँका चेलाहरूको बीचमा बाँडचुँड गर्ने संयुक्त भोजमा उहाँको शरीर र रगतको सम्भावित रूपमा प्रतिनिधित्व गर्न सक्ने थियो । महत्वपूर्ण कुरा चाँहि आत्मिक बिशेषतानै हो । व्यवस्थाको पत्र पालन गर्नको लागि सफलता पाएकै बेला व्यवस्थाको आत्मालाई हामी अपेक्षा नगरौं !

संयुक्त भोज औपचारिकता पूरा गर्ने ढङ्गले गरी दिनु पर्छ भन्ने जरूरी छैन । हामीले पहिले पढे झैं सुरुका खीष्टियानहरूले "घर-घरमा रोटी भाँच्थे (भोजन गर्थे) र तिनीहरू खुशी र शुद्ध

हृदयले मिलीजुली खान्थे" (प्रेरित २:४६) । जे भए तापनि, प्रभु येशूको बलिदान गरिएको तत्वहरू उपभोग गरिएको बेला प्रभु भोजको समयमा निश्चित रूपमा गम्भीर हुनु पर्दछ । पावलले कोरिन्थीहरूलाई १ कोरिन्थी ११:१७-३४ मा गम्भीर रूपमा चेतावनी दिएर तिनीहरूलाई निर्देशन दिएझैं प्रभु भोज खानुअगि सँधै आफैले आफैलाई जाँच्नु एकदमै उचित हुन्छ । एक-अर्कालाई प्रेम गर्नको लागि खीष्टले दिनुभएको आज्ञा उल्लंघन गर्ने जुन सुकै कुरा पनि परमेश्वरको ताडनालाई निम्त्याउने कुरा हो । प्रभु भोज खानुअगि जुन सुकै इर्ष्या र फूटको समस्याको समाधान भएको हुनु पर्दछ । हरेक विश्वासीले आफैलाई जाँचेर जुन सुकै पापको पनि स्वीकार गरेको हुनु पर्दछ, जुन चाँहि पावलको "आफैले आफैलाई जाँच" भन्ने वचनलाई प्र योग गर्नको लागि समानार्थी हुनेछ ।

## The Spirit Manifested through the Body
## शरीरद्वारा आत्मा प्रकट हुन्छ

सभा सुरु हुनुअगि वा पछि संयुक्त भोज हुने गर्दथ्यो, जसमा आराधना, शिक्षाहरू र आत्मिक बरदानहरू पनि बाँडचुँड गरिन्थ्यो । हरेक घरेलु मण्डलीमा भेला भएका मानिसहरू आफैले बताउँदछन् , त्यो काम घरेलु मण्डली आफैमा भर पर्दछ ।

धर्मशास्त्रबाट यो कुरा स्पष्ट छ, कि सुरुको मण्डलीका भेलाहरू अहिलेको आधुनिक साङ्गठनिक मण्डलीको सेवाहरूभन्दा अलिक भिन्नै थिए । सुरुका मण्डली भेला हुँदा के हुन्थ्यो भन्ने कुराको रहस्य १ कोरिन्थी ११-१४ अध्यायले प्रष्टसँग बताउँछ र त्यस प्रकारको मण्डलीको अनुकरण आज गर्न सकिन्दैन वा गर्नु हुँदैन भन्ने कुराको कुनै पनि कारण छँदैछैन । पावलले व्याख्या गरेको सुरुको मण्डलीको भेलामा जे हुन्थ्यो त्यो कुरा सानो झुण्डहरूमा मात्र हुन सक्दछ भन्ने कुरा पनि स्पष्ट छ । पावलले वर्णन गरेको कुरा तार्किक रूपमा ठूला-ठूला सभाहरूमा हुन सक्दैन ।

पावलले पहिलो कोरिन्थीको चारवटा अध्यायहरूभित्र लेखेका सबै कुराहरू बुझ्न नसक्ने पहिलो व्यक्ति म नै हुँ । जेहोस् , १ कोरिन्थी ११-१४ मा वणर्न गरिएको भेलाहरूको अति बिशिष्ट विशेषता चाँहि तिनीहरूको बीचमा पवित्र आत्माको उपस्थिति र शरीर (मण्डली) को सदस्यहरूद्वारा उहाँको प्रकटीकरण थियो । सम्पूर्ण शरीर (मण्डली) को आत्मिक बृद्धिको लागि उहाँले प्रत्येक व्यक्तिहरूलाई बरदानहरू दिनुभएको थियो ।

पावलले कम्तीमा पनि नौवटा आत्मिक बरदानहरूको सूची बनाउँदछन् : अगमवाणी, अन्यभाषा, अन्यभाषाको अर्थ खोल्ने, ज्ञानको वचन बोल्ने, बुद्धिको वचन बोल्ने, आत्मा छुट्याउने, चंगाईका बरदानहरू, विश्वासका वरदानहरू र आश्चर्य कर्महरू गर्ने बरदान । हरेक भेलामा यी सबै बरदानहरू प्रकट भएका थिए भनेर उनले उल्लेख गर्दैनन् , तर निश्चय पनि १ कोरिन्थी १४:२६ मा भएको प्राय: गरेर हुने आत्माको केही प्रकटीकरणहरूलाई सम्भावित रूपमा परिचालन गर्नको लागि र संक्षिप्त रूपमा गर्नको लागि हुन्थे जस्तो देखिन्छ :

"भाइ हो, अब हामी के भनौं त ? तिमीहरू एकसाथ भेला हुँदा हरेकसँग भजन, वा शिक्षा, प्रकाश, अन्यभाषा वा अर्थ खोलाई हुन्छ । यी सबै कुरा आत्मिक बृद्धिको निम्ति गरिउन्"

यी पाँचवटा संयुक्त प्रकटिकरणहरूलाई हामी बिचार गरौं र पछिल्लो अध्यायमा बर्णन गरिएका यी नौवटा बरदानहरूलाई १ कोरिन्थी १२:८-१० मा बर्णन गरिएको बरदानहरूसित सबिस्तार तुलना गर्दै बिचार गरौ ।

सूचीमा भएको पहिलो कुरा चाँहि भजन हो । आत्माले दिनुभएका भजनहरूको बारेमा पावलले खीष्टियन भेलाहरूमा तिनीहरूको स्थानलाई रेखांकित गर्दै उनले मण्डलीहरूलाई लेखेका अरु दुईवटा पत्रहरूमा उल्लेख गरेका छन् ।

"अनि दाखमद्यले नमात्तिओ, कारण त्यो बिलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ, एउटाले अर्कोसँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै" (एफिसी ५:१८-१९) ।

"खीष्टको वचन तिमीहरूसँग प्रशस्ततासँग बास गरोस् , पूरा बुद्धिमानीसाथ एउटाले अको ाँलाई सिकाओ र अर्ती देओ र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञताको साथ भजन, स्तुति र आत्मिक गान गाओ" (कलस्सी ३:१६) ।

भजन, गीत र आत्मिक गानको बीचमा भएको भिन्नता स्पष्ट छैन, तर प्राथमिक कुरा चाँहि सबै खीष्टका वचनहरूमा आधारित छन् , आत्माले प्रेरणा गरिएका हुन् र विश्वासीहरूद्वारा एकले अर्कोलाई सिकाउन र अर्ती दिनको लागि गाइनु पर्दछ । निश्चित रूपमा धेरै जसो गीतहरू र कोरसहरू जो विश्वासीहरूले गाउँछन् , मण्डली इतिहास भरि नै तिनीहरूमध्ये कुनै एक श्रेणीमा ती पर्दछन् । दुर्भाग्यबस, धेरै जसो आधुनिक गीतहरू र कोरसहरूमा बाइबलिय गहिराइको अभाव छ, तिनीहरू आत्माले दिइएको होइन जस्तो लाग्दछन् र तिनीहरू अति नै हल्का खाले भएको कारण विश्वासीहरूलाई शिक्षा दिन र अर्ती दिनको लागि साँचो महत्वका हुँदैनन् । तथापि, घरेलु मण्डलीमा भेला हुने विश्वासीहरूले पुरानो र नयाँ सु-प्रसिद्ध खीष्टियन गीतहरू गाउन आत्माले व्यक्तिगत सदस्यहरूलाई मात्र अगुवाई गर्नुहुन्न, तर केही सदस्यहरूलाई संयुक्त रूपमा आत्मिक बृद्धिको लागि प्रयोग गर्न सकिने खालका विशेष गीतहरू पनि दिनुहुनेछ भनेर आशा गर्नु पर्दछ । वास्तवमा, मण्डलीहरूको आत्माले दिनुभएको गीतहरू आफ्नै भए कति असल हुनेथियो होला !

## Teaching
## शिक्षा

पावलले सूचित गरेको दोस्रो कुरा चाँहि शिक्षा हो । भेलामा आत्माद्वारा प्रेरणा भएको शिक्षा जो सुकैले पनि बाँड़चुड़ गर्न सक्दथ्यो भनेर फेरि पनि यसले देखाउँदछ । वास्तवमा, हरेक शिक्षा प्रेरितहरूको शिक्षासँग मिल्छ कि मिल्दैन भनेर जाँचिनु पर्दथ्यो (जसरी हरेक व्यक्ति त्यस कुरामा समर्पित हुन्थे : हेर्नुहोस् प्रेरित २:४२) र आज हामीले पनि त्यसै गर्नु पर्छ, तर यहाँ अर्थात नयाँ करारको कुनै पनि ठाउँमा एउटै व्यक्तिले हरेक हप्ता स्थानिय मण्डलीमा जहाँ मानिसहरू भेला हुन्छन् त्यहाँ प्रवचन बाँड्नु पर्छ भनेर बताइएको छैन ।

यरूशलेमको मन्दिरमा, जहाँ धेरै मानिसहरू भेला हुन्थे, त्यहाँ प्रेरितहरूले शिक्षा दिने काम गर्थे । एल्डरहरूलाई शिक्षा दिने जिम्मेवारीहरू दिइएको थियो भनेर हामीलाई थाहा छ र केही मानिसहरूलाई पनि शिक्षा दिने सेवकाइमा बोलाइएको हुन्थ्यो । पावलले सार्वजनिक रूपमा र घर-घरमा गएर धेरै शिक्षा दिने काम गरे (हेर्नुहोस्, प्रेरित २०:२०) । विश्वासीहरूको सानो

भेलाहरूमा पवित्र आत्माले प्रेरितहरू, एल्डरहरू वा शिक्षकहरूदेखि बाहेक पनि अरुहरूलाई समेत शिक्षा दिने कार्यको लागि प्रयोग गर्न सक्दथ्यो ।

शिक्षा दिने कुरा आउँदा यस्तो लाग्छ, कि सुरुको मण्डलीले भन्दा हामीले हाम्रो भेलामा बाइबलको आफ्नै व्यक्तिगतप्रति ल्याउन सक्ने ठूलो अवसर पाएकाछौं । अर्कोपट्टि, सायद हामीले सजिलैसित बाइबल पाएकोले होला हामीले हाम्रो सारा हृदयले परमेश्वरलाई प्रेम गर्न र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्न र परमेश्वरको वचन अरुहरूलाई पनि हालिदिने कुराको लागि आफ्नो जीवनलाई अर्पण गर्दै बाइबलको सिद्धान्तलाई उच्च पार्नको लागि सहायता पुगेको छ । हामी मृत्युसम्मै शैद्धान्तिक भएकाछौं । धेरै साना बाइबल अध्ययनका झुण्डहरू आइतबार बिहानको सेवामा बाँडिने प्रवचन जस्तो अप्रासंगिक र दिक्कलाग्दो प्रकारका हुन्छन् । घरेलु मण्डलीका शिक्षाहरूको सन्दर्भमा पछ्याउनुपर्ने राम्रो खाले नियम चाँहि यो हो : यदि ठूला बाल-बालिकाहरूले तिनीहरूलाई दिक्क लागेको कुरालाई लुकाइरहेका छैनन् भने, सम्भवत पौढहरूले चाँहि तिनीहरूलाई दिक्क लागेको कुरा लुकाउँदछन् र नानीहरू नै यस कुरालाई बुझ्न मद्धत गर्ने महान सत्यता हुन् ।

## Revelation
## प्रकाश

पावलले सूचित गरेको तेस्रो कुरा “प्रकाश” हो । त्यसको मतलब शरीरका (मण्डली) केही सदस्यहरूलाई परमेश्वरद्वारा प्रकट गरिएको जुन सुकै कुरा हुनसक्छ । उदाहरणको लागि, पावलले बिशेष गरेर कसरी अविश्वासीहरू ख्रीष्टियन भेलामा आउँछन् र अगमवाणीको बरदानको कारणले हृदयभित्र लुकेका रहस्यमय कुराहरूलाई थाहा पाउँदछन् भनेर उल्लेख गरेका छन् । त्यसको परिणाम, अविश्वासीलाई आफ्नो “पापको बोध” हुनेछ र त्यसको “हृदयका गुप्त कुराहरू प्रकट हुनेछन्” र घोप्टो परेर त्यसले परमेश्वरलाई पुज्नेछ र त्यसले परमेश्वर तिमीहरूको माझमा हुनु हुन्छ भन्ने कुरा घोषणा गर्नेछ” (१ कोरिन्थी १४:२४-२५) ।

यहाँ हामी फेरि पनि देख्दछौं, कि पवित्र आत्माको साँचो उपस्थितिमा मण्डलीको भेलाको अपेक्षा गरिएको हुन्थ्यो र उहाँको उपस्थितिकै कारणले ती अलौकिक कुराहरू हुन्थे । सुरुका ख्रीष्टियनहरूले प्रभु येशूले गर्नुभएको प्रतिज्ञा, “जहाँ दुई वा तीनजना मेरो नाउँमा भेला हुन्छन् त्यहाँ म तिनीहरूको बीचमा हुनेछु” (मत्ती १८:२०) लाई साँच्चै विश्वास गरेका थिए । यदि प्रभु येशू आफै तिनीहरूका बीचमा हुनुहुन्थ्यो भने, आश्चर्यकर्म हुने नै भयो । अक्षरशः रूपमा तिनीहरूले “परमेश्वरको आत्मामा पूजा गर्दथे” (फिलिप्पी ३:३) ।

कथंकदाचित, मैले अगमवाणीको कुरा छोटो रूपमा बोले भनेदेखि, यी मानिसहरूको हृदयमा आएको प्रकाश हुनसक्छ, तर प्रकाश अरु कुराको लागि दिइन सकिन्छ र सपना र दर्शनहरूबाट पनि प्रकाश आउन सक्दछ (हेर्नुहोस् , प्रेरित २:१७) ।

## Tongues and Interpretation
## अन्य भाषाहरू र अर्थ खोलाई

चौथो, पावलले दुईवटा बरदानहरूको सूची बनाउँदछन् , जसले सँगसँगै काम गर्दछन् । तिनीहरू अन्यभाषाहरू र अन्यभाषाहरूको अर्थ खोल्ने बरदानहरू हुन् । कोरिन्थीमा, अन्यभाषाहरू बोल्ने बरदानको प्रचुर बाहुल्यता थियो र त्यसको साथै त्यस बरदानको दुरूपयोग

पनि गरिएको थियो । मानिसहरूले मण्डलीको सभाको समयमा अन्यभाषाहरूमा बोल्दथे र त्यहाँ त्यसको अर्थ खोलाइको काम पनि गरिन्दैनथ्यो, जसले गर्दा के भनिन्दैथ्यो त्यो कसैले पनि बुझ्दैनथ्यो । कोरिन्थीहिरूलाई यस प्रकारको आरोप किन लगाइएको होला भनेर हामीलाई अचम्भ लाग्न सक्छ र अर्थ खोल्ने बरदानबिना अन्यभाषाको बरदान जोसुकैलाई दिने पवित्र आत्माकै गल्ती हो जस्तो हामीलाई लाग्न सक्छ । त्यस प्रश्नको लागि एकदम सन्तोषजनक जवाफ पनि छ, जसलाई म पछिल्लो अध्यायमा उल्लेख गर्नेछु । पावलले अन्यभाषा बोल्ने बरदानलाई निषेध गरेनन् (जसरी धेरै साङ्गठनिक मण्डलीहरूले गर्दछन्) । बरू, उनले त अन्यभाषाहरूमा बोल्न अनुमति नदिनेहरूलाई रोक्ने काम गरे र यो त प्रभुको आज्ञा पो हो त भनेर घोषणा गरिदिए (हेर्नुहोस् - १ कोरिन्थी १४:३७-३९) ।[२१] यो यदि ठीक प्रकारले प्र योग गरिएमा शरीरको सुधार (मण्डलीको सुधार) हुनसक्छ र यसले परमेश्वरको अलौकिक उपस्थिति तिनीहरूको बीचमा भएको निश्चित गराउने बरदान हो । यो बरदान परमेश्वरले उहाँको सत्यता र इच्छालाई सम्झना गराउँदै मानिसहरूसँग मानिसहरूद्वारा नै उहाँले बोल्नुहुने बरदान हो ।

पावलले १४ अध्यायमा अर्थ नखोल्ने अन्यभाषाहरू बोल्नेहरूमाथि अगमवाणीको सर्वोत्कृष्टता छ भनेर कड़ाइको साथमा भनेका छन् । उनले कोरिन्थीका विश्वासीहरूलाई अगमवाणी बोल्ने बरदानको उत्कट इच्छा गर्नलाई एकदम जोडसँग हौसला दिएका छन् र यस कुराले यो देखाउँछ, कि आत्माका बरदानहरूको निम्ति उत्कट इच्छा गर्नेहरूको लागि आत्माका बरदानहरू प्रकट गरिन्छन् । त्यस्तै गरेर, पावलले थिस्सलोनिकीका विश्वासीहरूलाई पनि, “पवित्र आत्मालाई ननिभाओ, अगमवाणीलाई तुच्छ नठान” (१ थेसलोनिकी ५:१९) भनेर चेतावनी दिएका छन् । यसले यो देखाउँछ, कि विश्वासीहरूले अगमवाणीको बरदानप्रति गलत मनोवृत्ति राखेर आत्माको आगोलाई निभाउन वा बाहिर निकालेर फ्याँक्न सक्छन् । आज धेरै जसो विश्वासीहरूको माझमा अगमवाणीको बरदान किन थोरै मात्रामा प्रकट भएको छ भन्ने कुराको लागि यही नै एउटा कारण हो भन्नुमा कुनै शंका छैन ।

## How to Start
## कसरी सुरु गर्ने

---

[२१] पहिलो शताब्दीमा पाएको आत्माको सबै अलौकिक प्रकटिकरणहरूलाई त्याग्नेहरूदेखि वास्तवमा म होशियार हुन्छु , त्यसै समयमा तिनीहरू सकिनु पर्ने थियो । त्यसैले, हामीले सुरुको मण्डलीले अनुभव गरेको कुरा खोज्न हामीलाई कुनै कारण छैन र अन्यभाषामा बोल्नु कुनै महत्व छैन । मलाई आधुनिक युगका यहूदीहरूदेखि दया जागेर आउँछ । जापानी भाषा बोल्नेहरूका अनुसार धेरै अवसरहरूमा परमेश्वरलाई स्तुति गरिरहेको व्यक्तिले झैं मैले स्तुति गरिरहेको तिनीहरूले सुनेको मलाई बताए, मैले कहिले पनि जापानी भाषा सिकेको थिइन । मलाई थाहा छ, यो बरदान पवित्र आत्माद्वारा दिएर छोडिएको छैन । मलाई अचम्भ लाग्छ, किन यी आधुनिक येहूदीहरूले पवित्र आत्माले अझै पनि बोलाउनुहुन्छ, पापीहरूलाई परिवर्तन गर्नुहुन्छ र नयाँ जन्म दिनुहुन्छ भनेर स्वीकार गर्छन् । तर ती आश्चर्यकर्महरूभन्दा परै रहेका आत्माका कामहरूलाई चाँहि इन्कार गर्दछन् । यस प्रकारको “ईश्वरशास्त्र” धर्मशास्त्रीय समर्थन नभएको र वास्तवमै ख्रीष्टको लक्ष्यको बिरोध गर्ने मानविय अविश्वास र अनाज्ञाकारीताको उत्पादन हो । १ कोरिन्थी १४:३७ मा पावलले लेखेअनुसार यो प्रत्यक्ष रूपमा खीष्टको अनाज्ञाकारीता हो ।

परमेश्वरद्वारा घरेलु मण्डली सुरु गर्नको लागि दर्शन दिइएका घरेलु मण्डली स्थापना गर्ने संस्थापक वा एल्डरहरू/पास्टरहरू/निरीक्षकहरूको सेवकाइद्वारा पवित्र आत्माबाट घरेलु मण्डलीहरू जन्मिएका हुन् । यो कुरा मनमा राख्नुहोस्, कि बाइबलिय एल्डर/पास्टर /निरीक्षकहरू साङ्गठनिक मण्डलीले सिफारिस गरेको परिपक्व मानिसहरू हुनसक्छन् । कुनै पनि घरेलु मण्डली स्थापना गर्नेहरूलाई सेवकाई सम्बन्धी औपचारिक शिक्षाको आवश्यकता पर्दैन ।

पवित्र आत्माले संस्थापकलाई घरेलु मण्डलीको लागि एकचोटि दर्शन दिनु हुन्छ, उसले आफूसँग सहभागी हुने अरु मानिसहरूको बारेमा प्रभुसँग प्रार्थना गर्नु पर्दछ । प्रभुले त्यस्तै दर्शन मिल्ने मानिसहरू सम्पर्कमा ल्याई दिनु हुनेछ र उसको अगुवाइलाई निश्चित गरी दिनु हुनेछ अथवा उसले अविश्वासीहरूलाई ख्रीष्टमा ग्रहण गराएर अगुवाई गर्दै तिनीहरूलाई घरेलु मण्डलीमा चेला बनाएर पनि अगुवाई गर्न सक्छन् ।

भर्खरै मात्र घरेलु मण्डली सुरु गर्न साहस गरेकाहरूले एक-अर्कामा सान्तवनाको महसुस गर्नको लागि सदस्यहरूलाई केही समय लाग्छ भनेर पहिले नै जानेको हुनु पर्दछ र आत्मासँग सम्बन्ध राख्न र बहन सिक्नु पर्दछ । अगाडि बढ्दै जाँदा गल्ती हुन सक्ने छन् र यो परिक्षाको घड़ी पनि हुन सक्नेछ । सहभागी हरेक सदस्यहरूको बिचारधाराहरू बाइबलिय सेवक अगुवापन, एल्डरहरूलाई सु-सज्जित पार्ने, पवित्र आत्माको अगुवाई र बरदानहरू, संयुक्त भोज तथा आकस्मिक तर आत्मिक वातावरणहरू तिनीहरूको लागि मात्र अति अनौठा हुन्छन् , जोहरू साङ्गठनिक मण्डलीका सेवाहरूमा मात्र चिरपरिचित छन् । त्यसैले अनुग्रह र धैर्यताको प्रयोग नयाँ घरेलु मण्डली जन्मदा हुनु अति बुद्धिमानी हुन्छ । एकजनाले आराधनामा अगुवाई गर्ने, अर्कोले तयार गरिएको शिक्षा बाँड़चुँड़ गर्ने, र त्यसपछि प्रार्थना, संगति र संयुक्त भोजको अवसरको साथ सेवा समाप्त गर्ने जस्तो ढाँचा घरेलु बाइबल अध्ययनमा बढी हुन सक्दछ । जे भए तापनि, घरेलु मण्डलीहरूको लागि बाइबलिय ढाँचा जस्तै झुण्डद्वारा अध्ययन गर्ने काम हुन्छ, जसमा एल्डर/पास्टर/निरीक्षकले सदस्यहरूलाई परमेश्वरले दिनु हुने उहाँको उत्तम आशिष प्राप्त गर्न प्रयत्न गर्नु पर्छ भनेर हौसला दिनु पर्दछ अनि राम्रोसित त्यो सेवकाई अगाडि बढ्न सक्दछ र त्यो सेवकाइमा आनन्द हुन्छ ।

घरेलु मण्डलीका सभाहरू हरेक हप्ता एउटा सदस्यको घरदेखि अर्को सदस्यको घरसम्म पालैपालो गर्न सकिन्छ वा एउटै व्यक्तिले प्रत्येक हप्ताको लागि आफ्नो घरको ढोका संगति गर्नलाई खुल्ला गरिदिन सक्दछ । कुनै-कुनै घरेलु मण्डलीहरू अवसरहरूलाई बिचार गरेर यदि मौसम राम्रो भएमा कुनै रमणिय स्थानहरूमा गएर पनि यस प्रकारको सेवकाई गर्दछन् । त्यस्तो प्रकारको भेटघाट गर्ने समय र स्थान आइतबारको बिहान चाँहि हुनु हुँदैन तर सदस्यहरूलाई पायक पर्ने जुन सुकै समयमा गर्नु उत्तम हुन्छ । अन्तमा, सानो झुण्डबाट तथा बाह्रजनाभन्दा बढी मानिसहरू नभएको संख्याबाट सुरु गर्नु राम्रो हुन्छ ।

## How to Transition from Institution to House Church
## साङ्गठनिक मण्डलीबाट घरेलु मण्डलीमा कसरी अवस्थानतरण गर्ने

यो पढ्ने धेरै जसो पास्टरहरू साङ्गठनिक मण्डलीहरूको ढाँचामा काम गरिहेका छन् र सायद तपाईं नै प्रिय पाठकबृन्द तिनीहरूमध्येको एकजना व्यक्ति हुनुहुन्छ । मैले बर्णन गरिरहेको जस्तो मण्डली होस् भनेर घृणा गर्ने तपाईंभित्र भएको भावनालाई मैले यदि छोएको छु भने, कसरी तपाईंले अवस्थानतरण गर्न सक्नुहुन्छ भनेर पहिलेबाट नै तपाईं अचम्भमा परिरहनुभएको छ । तपाईंको समय लिनुहोस् भनेर म तपाईंलाई हौसला दिन्छु बाइबलिय सत्यता मात्रै सिकाएर

र प्रभु येशूका आज्ञाहरू पालन गर्ने चेलाहरू बनाउनको लागि तपाईंले बनाउनुभएको ढाँचाभित्र गर्न सक्ने कामहरू गरेर सुरु गर्नुहोस् । साँचो चेलाहरूले जतिसक्दो धेरै तिनीहरूले बुझेको बाइबलिय मण्डलीको ढाँचामा अवस्थानतरण गर्न चाहन्छन् । बाखा प्रकारका मानिसहरू र धार्मिक मानिसहरूले त्यस्ता प्रकारका जुनसुकै परिवर्तनहरूको पनि जति सक्दो बढी बिरोध गर्दछन् ।

दोस्रो कुरा धर्मशास्त्रबाट कुनै पनि बिषयमा अध्ययन गरेर तपाईंको सभालाई घरेलु मण्डलीको ढाँचाहरू र त्यहाँबाट पाउन सकिने आशिषहरूको बारेमा शिक्षा दिनुहोस् । अन्ततोगत्वा तपाईंले हप्ताको बीचमा गरिने वा आइतबार बेलुकाको मण्डलीको सेवा पनि परिपक्व विश्वासीहरूद्वारा संचालन गर्ने घरहरूमा गरिने साप्ताहिक झुण्ड सभाहरू सुरु गर्नको लागि छोड्न सक्नु हुनेछ । हरेकलाई उपस्थित हुनको लागि हौसला दिनुहोस् । जतिसक्दो चाँडो बिस्तारै-बिस्तारै ती सभाहरूलाई घरेलु मण्डलीहरूको बाइबलिय ढाँचामा ल्याउने बाइबलिय नमुनालाई पछ्याउनुहोस् । त्यसपछि मानिसहरूलाई तिनीहरूको सानो झुण्डको आशिषहरूमा पूर्ण आनन्दित हुने समय दिनुहोस् ।

एकपल्ट हरेकले घरेलु सभाहरूमा आनन्दित भइरहेको बेला अर्को महिनाको आइतबार "सुरुको आइतबार" हुनेछ भनेर तपाईंले सूचना दिनुभएको हुन सक्दछ । त्यो आइतबार मण्डली भवन बन्द हुनेछ र हरेक व्यक्ति सुरुका मण्डलीमा मानिसहरूले घर-घरमा भेटेझैं घर-घरमा जानेछन् र सबैजना सँगसँगै मिलेर संयुक्त भोज, प्रभु भोज, संगति, प्रार्थना, आराधना, आत्मिक बरदानहरू र शिक्षा बाँडचुँड गर्न आनन्दित हुनेछन् । यदि यो एउटा सफलता हो भने, तपाईंले हरेक महिनाको एउटा आइतबार यस्तो प्रकारको सभा सुरु गर्न सक्नुहुन्छ, त्यसपछि अन्तमा दुईवटा आइतबार र त्यसपछि तीनवटा आइतबार गरेर त्यस प्रकारले तपाईंले घरेलु मण्डली सुरु गर्न सक्नु हुनेछ । अन्ततोगत्वा, तपाईंले हरेक झुण्डलाई स्वतन्त्र घरेलु मण्डलीको रूपमा बढ्दै जान र बृद्धि हुनको लागि स्वतन्त्र छोड्न सक्नु हुन्छ र सायद हरेक महिनाको एकपल्ट ठूलो सभाको लागि सबैलाई भेला गर्न सक्नु हुन्छ ।

मैले बर्णन गरेको पुरै परिवर्तनको प्रकृयाले एकदेखि दुई बर्षसम्म लाग्न सक्छ ।

अर्थात्, यदि तपाईं अझ सावधानी रूपमा अगाडि बढ्न चाहनु हुन्छ भने, तपाईं आफैले अगुवाई गरेको अति नै चाख लिने तपाईंका केही सदस्यहरूलाई लिएर एउटा घरेलु सभा सुरु गर्न सक्नु हुन्छ । (फेरि, घरेलु मण्डलीहरूले आइतबार बिहानको सेवामा भेटिरहनु पर्दैन) । यो सबैको लागि एउटा अनुसन्धान गरिएको र निश्चित रूपमा सिक्ने अनुभवको रूपमा प्रस्तुत हुन सक्दछ ।

यदि यो सफल भयो भने, एकजना निरीक्षकको नियुक्ति गर्नुहोस् र एउटा झुण्डलाई स्वतन्त्र मण्डलीको रूपमा छाडी दिनुहोस्, जुन चाँहि महिनाको एकपल्ट मात्र साङ्गठनिक मण्डलीको आइतबारको सेवामा सहभागी हुन्छ । त्यस प्रकारले नयाँ मण्डली आमा मण्डलीको एउटा भाग हुनेछ र साङ्गठनिक मण्डलीको सभाभित्र भएकाहरूद्वारा अति नै नकारात्मक तवरले बिचार गरिने छैन । त्यस कुराले साङ्गठनिक मण्डलीद्वारा स्थापित भएको अर्को घरेलु मण्डलीको भाग हुने बिचार गर्नलाई मण्डलीभित्र भएका अरुहरूलाई प्रभाव पार्न सहायता पनि गर्नसक्छ ।

यदि पहिलो झुण्ड बृद्धि हुन्छ भने, प्रार्थनासहित त्यसलाई बिभाजन गर्नुहोस् जसले गर्दा दुवै झुण्डहरूले असल अगुवाहरू पाउनेछन् र तिनीहरूका सदस्यहरूभित्र पर्याप्त मात्रामा बरदानहरू हुनेछन् । कुनै अवसरअनुसार सायद महिनामा एकपल्ट वा हरेक तीन महिनामा

एकपल्ट पनि हुनसक्छ, सबैको सहमतिमा एउटा बृहत आराधना संगतिमा दुवै झुण्डहरूसँगै भेट्न सक्दछन् ।

तपाईंले चालेको लापर्वाही कदममा थोरै मानिसहरू भएको कारण निराशामै भए तापनि तपाईंको दृष्टि लक्ष्यतिर लगाउनुहोस् । घरेलु मण्डलीहरू मानिसहरूले भरिएको हुन्छ र मानिसहरू नै समस्याको कारण हुन्छन् । नछाड्नुहोस् ।

तपाईंको पूरै साङ्गठनिक मण्डलीको सभामा भएको हरेक व्यक्तिले यस्तो प्रकारको अवस्थानतरण गर्नेछन् भनेर भन्न सकिन्न, त्यसैले साङ्गठनिक मण्डलीलाई पछाडि नै छोडेर पूर्ण रूपमा घरेलु मण्डलीहरू वा घरेलु झुण्डहरूमा आफूलाई ब्यक्तिगतरूपमा समर्पित हुन सुरु गर्नलाई तपाईंले निर्णय गर्नु पर्नेछ । त्यो नै तपाईंको लागि बिशिष्ट दिन हुनेछ ।

## The Ideal Church
## आदर्श मण्डली

के हजारौं मानिसहरू उपस्थित भएर हरेक आइतबार संगति गर्न सकिने ठूलो भवन भएको बिशाल मण्डलीको पास्टरभन्दा परमेश्वरको दृष्टिमा घरेलु मण्डलीका पास्टर वास्तवमा धेरै सफल हुन्छन् ? हो, यदि उसले प्रभु येशूको नमुनालाई पछ्याएर, सन्दर्भबिनाको धर्मशास्त्रको वचन सुनेर आनन्द लिने र हप्ताको एकपल्ट कार्यक्रम हेर्न आउने आत्मिक बाख्राहरूको सामान्य भेलालाई बिरोध गर्दै आज्ञाकारी चेलाहरू र चेलाहरू बनाउनेहरूको बृद्धि गर्दछन् भने तिनीहरू सफल हुन्छन् ।

घरेलु मण्डलीको नमुना पछ्याउन संकल्प गर्ने पास्टरको कहिले पनि आफ्नो ठूलो सभा हुँदैन । जे भए तापनि, लामो समयपछि उसको चेलाहरूले अरु चेलाहरू बनाउँदा उनी फलदायी सावित हुन्छन् । ४० वा ५० जना मानिसहरूको "सानो" समूहहरूको थोरै पास्टरहरूले आफ्ना साँचाइहरूलाई ब्यवस्थित गर्नको लागि धेरै प्रयत्नहरू गरिरहेका हुन्छन् । तिनीहरूको मण्डलीहरू पहिलेबाट नै ठूलो हुँदै गइरहेको हुन सक्छन् । सायद तिनीहरूले ठूलो भवनको लागि प्रार्थना गर्न रोकेर अरु दुईवटा नयाँ घरेलु मण्डलीलाई अगुवाई गर्नको लागि कसलाई नियुक्त गर्ने भनेर प्रार्थना गर्न सुरु गर्नु पर्दछ । (जब यो हुन्छ, तब कृपा गरी तपाईंको नयाँ सम्प्रदायको नाम नराख्नुहोस् र तपाईंको आफ्नै पद "बिषप" भनेर पनि नराख्नुहोस् !)

मण्डली ठूलो भयो भने यो अति राम्रो कुरा हो भन्ने सोचाई आउँछ भने त्यो साँचाईलाई हामीले उन्मुलन गर्नु पर्दछ । यदि हामीले बाइबलिय आधारमा आफूलाई जाँच्नु हो भने, चेला नबनाइएका बिशेष भवनमा भेला हुने हजारौं मानिसहरूको एउटा सभा अनौठो प्रकारको हुनेछ । यदि कुनै पनि मौलिक प्रेरितहरू आधुनिक साङ्गठनिक मण्डलीमा आउँछन् भने, तिनीहरूले आफ्नो टाउको अर्कोपट्टि फर्काउनेछन् !

## A Final Objection
## अन्तिम आपत्ति

प्रायः जसो भन्ने गरिन्छ, कि पहिलेबाटै खीष्टियान समुदायको संस्कृतिको एउटा भाग बनिसकेका पश्चिमी मुलुकका मानिसहरूले कहिले पनि घर-घरमा हुने मण्डली सभाको बिचारलाई ग्रहण गर्दैनन् । त्यसैले तिनीहरूले हामी साङ्गठनिक नमुनामा नै हुनुपर्छ भनेर विवाद गर्दछन् ।

पहिलो, घरेलु मण्डलीको प्रवृत्तिले पश्चिमी मुलुकमा द्रुत गति लिइरहेको छ भनेर प्र माणित गरिन्छ भने, त्यो सत्य होइन ।

दोस्रो, मानिसहरू पहिलेबाट नै खुशीको साथ घर-घरमा पाटी भोज, संगति, बाइबल अध्ययनहरू र घरेलु झुण्डहरूमा भेट गर्दछन् । घर-घरमा हुने मण्डलीको बिचारलाई स्वीकार गर्नुले त्यस सम्बन्धी बिचारको सानो समायोजन लिन्छ ।

तेस्रो, धार्मिक मानिसहरू अर्थात् "आत्मिक बाखाहरू" ले कहिले पनि घरेलु मण्डलीको अवधारणालाई ग्रहण गर्दैनन् भन्ने कुरा साँचो हो । तिनीहरूले आफ्ना छिमेकीहरूलाई कुनै पनि अतिरिक्त क्रियाकलापहरूमा सहभागी गराउँदैनन् । तर प्रभु येशू ख्रीष्टका साँचो चेलाहरूले निश्चय पनि एकपल्ट घरेलु मण्डलीको बाइबलिय अवधारणालाई बुझिसकेपछि त्यसको अवधार णालाई ग्रहण गर्दछन् । चेला बनाउने कार्यको लागि मण्डली भवनहरू कति आवश्यक छन् भनेर तिनीहरूले एकदमै चाँडै महसुस गर्दछन् । यदि तपाईंले "काठ र परालको ठूलो मण्डली निर्माण गर्न चाहनुहुन्छ भने (हेर्नुहोस् १ कोरिन्थी ३:१२), तपाईंलाई भवन चाहिन्छ, तर यो अन्तमा सबै खरानी हुनेछ । तर यदि तपाईंले चेलाहरू र चेलाहरू बनाउने मानिसहरू बृद्धि गर ाउन चाहनुहुन्छ भने, तपाईंले "सुन, चाँदी र अनमोल पत्थरहरू" भएको प्रभु येशू ख्रीष्टको मण्डली निर्माण गरिरहनुभएको हुनेछ, त्यसैले तपाईंले भवनहरू निर्माण गर्ने कार्यमा आफ्नो पैसा र शक्ति खर्च गर्न आवश्यक छैन ।

चाखलाग्दो कुरा यो छ, कि आजको संसारको ठूलो स्थानीय सु–समाचारिय अभियानहरू चिनियाँ घरेलु मण्डलीको अभियान "यरुशलेमतिर फर्किरहेकाछन्" जुन चाँहि १०/४० झ्यालको अभियानबाट लिएका हुन् । तिनीहरू भन्दछन् , कि "हामीलाई कँही पनि कुनै मण्डली भवन निर्माण गर्ने कुनै इच्छा छैन ! यस कुराले हामीलाई सु-समाचार द्रुत गतिले फैलाउने सेवकाई प्र त्यक्ष रूपमा आइरहेको हाम्रो श्रोतहरूलाई सक्षम तुल्याउन बाधा दिन्छ र यस काममा हामीलाई अप्ठ्यारो बनाइदिन्छ ।"[२२] यस शुत्रलाई अनुकरण गर्नु वास्तवमा नै कति बुद्धिमानी र बाइबलिय उदाहरण हुनेछ !

---

@[२] पावल हाट्टावे, ब्याक टु जेरूशलेम, (कारलिस्लेः पिक्वान्ट, २००३) पेज ५८